# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक ७६ | काठमाडौं | आइतबार, २३ असार २०८१ | Prabhab National Daily | Sunday, July 07, 2024 | www.prabhonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# ओलीलाई प्रधानमन्त्री बनाउन कांग्रेस दृढ



- संविधानको धारा ७६ को उपधारा (२) अनुसार ओली प्रधानमन्त्री बन्ने कांग्रेसको तर्क
- माओवादी केन्द्रको तर्क : प्रधानमन्त्रीले विश्वासको मत नपाएपछि ७६ (३) सक्रिय हुने
- ओलीलाई प्रधानमन्त्री बन्नबाट रोक्न प्रधानमन्त्री दाहालले विश्वासको मत लिन लागेको भनाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नयाँ बन्ने सत्ता समीकरणको प्रमुख घटक नेपाली कांग्रेसले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनाउन कांग्रेस दृढ रहेको पनि जनाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालको बहिर्गमनपछि संविधानको धारा ७६ को उपधारा (२) अनुसार ओली नयाँ प्रधानमन्त्री बन्ने कांग्रेसले स्पष्ट पारेको छ ।

प्रधानमन्त्री दाहालको दल नेकपा माओवादी केन्द्रले उपधारा (२) अनुसार ओली नेतृत्वमा सरकार गठन गर्न सम्भव नहुने दाबी गरिरहँदा कांग्रेसको यस्तो धारणा सार्वजनिक भएको हो । कांग्रेस सहमहामन्त्री जीवन परियारले कांग्रेस संसदीय दलको निर्णयमा संविधानको धारा ७६ (२) अनुसार ओलीको नेतृत्वमा नयाँ सरकार गठन गर्ने उल्लेख गरिएको बताए ।

प्रधानमन्त्री दाहालले यही २८ असारमा संसद्मा विश्वासको मत लिँदै छन् । उनले ओलीलाई प्रधानमन्त्री बन्नबाट रोक्न विश्वासको मत लिन लागेको बताइएको छ । माओवादी नेताहरूको तर्कअनुसार प्रधानमन्त्री दाहालले विश्वासको मत नपाएसँगै उपधारा (३) अनुसारको सरकार गठन गर्नुपर्ने हुन्छ । उक्त उपधाराअनुसार सबैभन्दा ठूलो दलको नेता प्रधानमन्त्री नियुक्त हुने व्यवस्था छ। उक्त उपधारामा गए प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको हैसियतमा कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने छन् ।

तर कांग्रेसले उपधारा (२) अनुसारकै सरकारका लागि कदम चाल्ने निर्णय गरेको छ । संसदीय दलको निर्णयमा भनिएको छ, 'नेपाली कांग्रेस र नेकपा एमालेबीच नेपालको संविधानको धारा ७६ (२) बमोजिम माननीय केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन गर्न सहमति भइसकेको हुँदा सो सहमति कार्यान्वयन गर्ने ।' संसद्का दुई ठूला दल कांग्रेस (८८ सिट) र एमाले (७९ सिट) बीच १७ असारको मध्यरातमा नयाँ सरकार बनाउने सहमति भएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

# निरन्तरको वर्षाले जनजीवन अस्तव्यस्त

- विभिन्न जिल्लामा जनधनको क्षति
- वर्षापछिको बाढीले उपत्यकासहितका विभिन्न स्थान डुबानमा
- नदीको सतह बढेका कारण तटीय क्षेत्रका बस्ती विस्थापित
- पहिरोले ठाउँठाउँमा राजमार्ग अवरुद्ध
- आज पनि वर्षा हुने सम्भावना रहेकाले विशेष सतर्कता अपनाउन मौसम पूर्वानुमान विभागको अनुरोध



**ड्रोनबाट खिचिएको मकवानपुरको हेटौंडा उपमहानगरपालिका–५ स्थित शान्तिनगरमा भएको डुबान । अविरल वर्षाले सिँचाइटोल, शान्तिनगर, पिप्ले, कर्रा क्षेत्र डुबानमा परेको छ ।**
*तस्बिरः मणिराज गौतम/रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** देशको अधिकांश स्थानमा शुक्रबार रातिदेखि सक्रिय भएको मनसुनका कारण लगातार वर्षा हुँदा जनजीवन प्रभावित बन्न पुगेको छ । गृह मन्त्रालय मातहतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका अनुसार बाढी, पहिरो र डुबानले देशको ठाउँठाउँमा मानवीय र भौतिक पूर्वाधारमा क्षति पुऱ्याएको छ ।

गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख भीष्मकुमार भुसालका अनुसार राजधानी काठमाडौंमा पनि बाढीका कारण नदीका तटीय क्षेत्रमा जोखिम देखिएको छ । स्याङजाको बिरूवा गाउँपालिका-६ मा पहिरो जाँदा ६५ वर्षीया गुइश्वरी शर्मा मरासिनी र ६७ वर्षीया हरिमाया शर्माको मृत्यु भएको छ । ७१ वर्षका माधव शर्मा बेपत्ता छन् । उनको खोजीमा प्रहरी र स्थानीयवासी सक्रिय छन् । समाचार तयार पार्दासम्म उनी फेला परेका छैनन् ।

पर्वतमा पहिरोले दुई जना पुरिएका छन् । फलेवास नगरपालिका-१ कार्कीनेटामा पहिरो जाँदा पुरिएका दुवै बेपत्ता छन् । भैंसीबाखा उद्धार गर्न जाँदा स्थानीय ४० वर्षका झलकप्रसाद शर्मा र आँधिखोला गाउँपालिका-३ का ३३ वर्षीय तुलसीप्रसाद शर्मा पहिरोले पुरिँदा बेपत्ता भएका हुन् ।

काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-११ स्थित भ्याकुरे खोलाले बगाएर दुई जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार साँझ ७ बजेको समयमा उक्त खोला तर्ने क्रममा सोही ठाउँका ६५ वर्षीय जालमाया रुवाल मगर र अन्दाजी ५ वर्षकी सोतिमाया रुजाल मगरको मृत्यु भएको हो । उनीहरूको शव ९०० मिटर तल मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

खोलाले बगाएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय मंगलटारबाट प्रहरी निरीक्षक कृष्ण गिरीको कमाण्डमा टोली खटिएको थियो । खोजतलासका क्रममा उनीहरूको शव फेला परेको गिरीले बताए । तनहुँको शुक्लागण्डकी नगरपालिका-७ काउरेमा पहिरोमा परेर शनिबार ३ जना बेपत्ता भएका छन् । शुक्रबारदेखि परेको अविरल वर्षाका कारण शनिबार दिउँसो गएको पहिरोमा परेर स्थानीय तीन जना बेपत्ता भएको तनहुँ जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## उद्धार कार्यमा जुट्न गृहमन्त्रीको निर्देशन

वर्षा निरन्तर परेपछि शनिबार गृह मन्त्रालयमा यसबारे छलफल गर्न आपत्कालीन बैठक बसेको थियो । सिंहदरबारस्थित मन्त्रालयमा बसेको बैठकमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने, विभिन्न सुरक्षा निकायका अधिकारीहरूको उपस्थित थिए । बैठकमा विपद्का घटना र व्यवस्थापनबारे छलफल भएको बताइएको छ ।

गृहमन्त्री लामिछानेले लगातारको वर्षाबाट उत्पन्न हुनसक्ने विपद्को जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा तत्काल स्थानान्तरणको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन् । उनले 'कमान्ड पोस्ट' र सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई विपद्बाट जनधनको क्षति हुन नदिन र खाद्यान्न, लत्ताकपडालगायत सामग्रीको अभाव हुन नदिन आग्रह गरे । 'हामीले सिंहदरबारमा बसेर क्षतिको विवरणबारे आमनागरिकलाई सूचना दिएर हाम्रो दायित्व पूरा हुँदैन । क्षति कम गर्न र उद्धारलगायत काममा हामीले कसरी काम गरेका छौं भन्ने विषय महत्त्वपूर्ण हुन्छ,' उनले भने ।

गृहमन्त्री लामिछानेले पूर्वतयारीको योजनालाई कार्यान्वयनमा सघाउन राजनीतिक दल, सम्बन्धित निकाय र पक्षलाई आग्रह गरिसकेको जानकारी दिए । बैठकमा गृहसचिव एकनारायण अर्याल, नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल तथा नेपाली सेनाका उच्च अधिकारीलगायत उपस्थित थिए ।

**सन्दर्भः वैदेशिक रोजगार**

# साइप्रससँग 'जिटुजी' सम्झौता गर्न आलटाल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारका लागि वैकल्पिक गन्तव्य बनाउन खोजिएको युरोपेली मुलुकसँग भएका कतिपय सम्झौता र आएका प्रस्ताव कार्यान्वयनमा सरकारकै ढिलासुस्ती र आलटालले रोजगारीको अवसर गुम्दै गएको छ । मलेसिया र खाडीमा मात्रै केन्द्रित भएको नेपाली श्रमिकको गन्तव्य अब युरोपेली मुलुकतिर मोड्ने नीति लिएको सरकारले युरोपेली मुलुक साइप्रसले प्रस्ताव गरेको जिटुजी (सरकार-सरकारबीच) सम्झौताप्रति खासै ध्यान दिएको छैन ।

साइप्रसबाट सरकारी संयन्त्रमार्फत नेपाली श्रमिक लैजाने गरी आएको प्रस्तावमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अहिलेसम्म कुनै निर्णय गर्न सकेको छैन । यद्यपि गत जेठ १ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल र साइप्रसका हाइकमिस्नर एवागोरस व्रियोनाइड्सबीच मन्त्रालयमा भएको भेटमा श्रम सम्झौताको प्रस्तावसम्बन्धी कुराकानी हुँदा छिट्टै मस्यौदा तयार हुने बताइएको मन्त्रालयकै एक अधिकारीले बताए । ती अधिकारीका अनुसार साइप्रसले सरकारी तवरबाटै नेपाली श्रमिक लैजान तत्कालीन मन्त्री शरतसिंह भण्डारीको पालामा प्रस्ताव गरेको थियो । त्यसको प्रक्रिया र प्रतिक्रिया दुवै नआएपछि राजदूतले भेट गरेको उनको भनाइ छ ।

साइप्रसले नेपाली कामदार लैजाने सम्बन्धमा विशेष चासो देखाए पनि मन्त्री अर्यालले खासै ध्यान नदिएको र श्रमाधान रोजगार मेला सञ्चालनतिर केन्द्रित भएको पनि ती अधिकारीले जानकारी दिए । 'साइप्रसमात्र होइन अन्य युरोपेली मुलुक बुलगेरिया र पोर्चुगलबाट पनि श्रम सम्झौताको प्रस्ताव आएको छ,' ती अधिकारीले भने, 'अहिले युरोपको रोजगारी मन्त्रीज्यूको प्राथमिकतामा परेको छैन, त्यसमाथि दुई-चार दिनभित्रै मन्त्रालय छोड्नुपर्ने आवस्था आएको छ, अब अर्को सरकार आएपछि प्रक्रिया अघि बढ्छ कि !'




साइप्रसमा हाल २० हजारभन्दा बढी नेपाली श्रमिक रहेको वैदेशिक रोजगार विभागले जनाएको छ । प्रत्येक वर्ष साइप्रस जाने नेपालीको संख्या बढ्दै गएको छ । विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७७/७८ मा एक हजार २५५, २०७८/७९ मा चार हजार १८१ र २०७९/८० मा पाँच हजार ३१७ जनाले साइप्रस जान श्रम स्वीकृति लिएका थिए । चालु आवको ११ महिनामा नै छ हजारभन्दा बढीले साइप्रसका लागि श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगारीको आकर्षक गन्तव्य मानिएको साइप्रसमा संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति लिएर विगतदेखि नै नेपालीहरू गइरहेको विभागले उल्लेख गरेको छ ।

निजी क्षेत्र (म्यानपावर)मार्फत पठाउँदा श्रमिकहरू ठूलै आर्थिक भारमा परिरहेको मूल्यांकन गर्दै साइप्रसले सरकारकै सहभागितामा नेपालबाट श्रमिक लैजाने प्रस्ताव गरेको बताइएको छ । तर, साइप्रसको यो प्रस्तावमा मन्त्रालयले सहमति जनाइसकेको छैन । श्रममन्त्री अर्यालको आनाकानी र आलटालले सरकारी संयन्त्रबाट भन्दा पनि म्यानपावर कम्पनीबाटै साइप्रसलगायत युरोपेली मुलुकमा नेपाली श्रमिक पठाउन प्रोत्साहन पुग्ने मन्त्रालयकै कर्मचारी बताउँछन् ।

पछिल्लो समय विभिन्न सार्वजनिक कार्यक्रममा पनि मन्त्री अर्यालले वैदेशिक रोजगारीका लागि श्रमिक पठाउने काम व्यवसायीहरूकै भएको बताउँदै आएका छन् । केही दिनअघि राजधानीमा आयोजित एक कार्यक्रममा सरकारले जिटुजी सम्झौता गरेका क्षेत्रबाहेक अन्य क्षेत्रमा व्यवसायीमार्फत नै श्रमिक पठाउने सम्बन्धमा अध्ययन भइरहेको भन्दै यसका लागि आवश्यक कार्यविधि आउने बताएका थिए । सरकारले रोजगारीका लागि श्रमिक विदेश पठाऊ भनेर निजी क्षेत्रलाई लाइसेन्स दिइसकेकाले उनीहरूलाई नै थप जिम्मेवार बनाएर श्रमिक पठाउनुपर्ने उनको भनाइ थियो । 'श्रमिक नठगिनेगरी म्यानपावरमार्फत पठाउनेबारे छलफल गर्ने सोचेको छु,' उनले भनेका थिए ।

यसबाट जर्मनी, इजरायल कोरियालगायत जिटुजी सम्झौता भएका क्षेत्रबाहेकमा म्यानपावरमार्फत नेपालबाट श्रमिक पठाउन सक्ने संकेत मिलेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । युरोपमा सरकारले सम्झौता गरे पनि नगरे पनि लामो समयदेखि म्यानपावरले नेपाली श्रमिक पठाउँदै आएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'अहिले पनि सरकारले सम्झौता गरेको रोमानियामा व्यवसायीहरूले नै श्रमिक पठाइरहेका छन्,' उनले भने, 'सरकारले सम्झौता गरेर सरकारले नै पठाउनुपर्छ भन्ने छैन, व्यवसायीमार्फत पनि पठाउने व्यवस्था गर्न सकिन्छ ।'

मानवअधिकार, सुरक्षा र पारिश्रमिकका हिसावले युरोपेली मुलुक नेपालीहरूका लागि वैकल्पिक गन्तव्य रहेको भन्दै अध्यक्ष भण्डारीले अहिले पनि ५० हजारभन्दा बढी श्रमिकको माग 'पेण्डिङ'मा रहेको बताए । 'युरोपमा साइप्रसजस्ता थुप्रै मुलुक छन्, नेपालबाट श्रमिक लैजान चाहन्छन्,' उनले भने, 'व्यवसायीले ल्याएका हजारौं माग पेण्डिङमा छ, मागपत्र प्रमाणीकरण हुन सकेको छैन, यसबाट रोजगारी र रेमिटचान्स दुवै गुम्ने अवस्था छ ।' युरोपलाई नेपालीहरूको गन्तव्य बनाउन सरकारले नै तत्काल पहल गर्नुपर्ने उनको भनाइ छ ।




**पृष्ठ १ बाट क्रमशः**

## निरन्तरको वर्षाले...

बेपत्ता हुनेमा स्थानीय ४० वर्षीय हीरा नेपाली, ३७ वर्षीया अनिशा बाँस्तोला र ६५ वर्षीय श्याम भण्डारी रहेको प्रहरी नायब उपरीक्षक दीपक रायले जानकारी दिए । उनका अनुसार पहिरोमा परेर बेपत्ता भएकाको खोजी भइरहेको छ । नेपाली सेना, नेपाल प्रहरी, स्थानीयवासीको सहयोगमा बेपत्ता भएकाको खोजी भइरहेको उनले बताए । जिल्लाकै ऋषिङ गाउँपालिका-१ झापुटारमा ढुंगाले लागेर शनिबार एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ऋषिङ गाउँपालिका-१ मालिंगा ५० वर्षीय कृष्णबहादुर पुलामी रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । ढुंगा खस्दा टाउको र पेटमा चोट लागि घाइते भएका उनको दमौली अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

नारायणी नदीको भंगालमा माछा मार्ने क्रममा बेपत्ता तीन जना व्यक्तिको उद्धारका लागि सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट गोताखोरको टोली परिचालन भएको छ । शनिबार साँझ पूर्व नवलपरासी, गैंडाकोट नगरपालिका-६ बुटवल बजारस्थित नदीको भंगालमा माछा मार्ने क्रममा तीनजना बेपत्ता भएका थिए । घटनाबारे जानकारी पाएपछि सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गुल्म पूर्वी नवलपरासीबाट १५ जनाको टोली खटाइएको थियो ।

उद्धार हुन नसकेपछि गोताखोरको टोली पठाइएको सशस्त्र प्रहरीका डिएसपी शैलेन्द्र थापाले जानकारी दिए । सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा पाँचजना गोताखोरसहित १० जना टोली खटाइएको उनले बताए । उनीहरूको पहिचान खुल्न बाँकी छ ।

बागमती नदीमा फसेका तीन जनाको भने सशस्त्र प्रहरीको गोताखोरले सकुशल उद्धार गरेको छ । शनिबार अपराह्न करिब पाँच बजे कीर्तिपुर नगरपालिका-१० ल्याबोरोटरी स्कुल नजिकै बागमती नदीमा फसेका तीन जनाको उद्धारका लागि सशस्त्र प्रहरीको गोताखोर टोलीले साँझ साढे पाँच बजे उद्धार गरेको सहप्रवक्ता तथा डिएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

सशस्त्र प्रहरी बल नेपाल नं २० विपद् उद्धार गण सिनामंगलबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा पाँच जना गोताखोरसहित १५ जना र नं १८ निलबाराही गण कीर्तिपुरबाट १० जनाको टोलीले उनीहरूको उद्धारमा खटिएको थियो । हेटौंडाका उर्मिला लामा र अनिता लामा तथा खोटाङका धनराम लामा रहेको उद्धार गरिएको हो ।

राजधानी काठमाडौंको नागार्जुन-३ स्थित ट्रपिकल रेस्टुरेण्टको भान्साघर पहिरोले पुरिँदा गोरखाको लखन थापा गाउँपालिका-६ घर भई सोही रेस्टुरेण्टमा काम गर्ने मनोज विकको मृत्यु भएको छ । दोलखाको गौरीशंकर गाउँपालिका-९ मा बाढीले वर्ष ६३ की जाङ्मु शेर्पालाई बेपत्ता बनाएको छ । प्रहरीका अनुसार गौरीशंकर हिमालको फेदबाट हिमपहिरो आई छोम्मु गोल्जु खोला थुनिएको र रोल्वालिङ खोलामा मिसिएर पानीको बहाव बढेर बाढी आउँदा होटलको सामान सार्ने क्रममा शेर्पा बेपत्ता भएकी हुन् । सोही स्थानमा बाढीले तीनवटा घरसमेत बगाएको छ । दाङको राजपुर गाउँपालिका-२ का राजकुमार यादव राप्ती नदी पार गर्ने क्रममा नदीले बगेर बेपत्ता भएका छन् । गुल्मीको रूरू क्षेत्र गाउँपालिका ३ मा पहिरोले घर पुर्दा वर्ष ४५ की रूपा टमटा घाइते भएकी छन् ।

दाङको लमही नगरपालिका-७ हसनापुरस्थित राप्ती नदीमा पानीको बहाव बढी फसेका दुई जनाको सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ । दूध बिक्री गरी घर फर्कंदै गरेका ४८ वर्षीय तुलाराम यादव र ४० वर्षीय दयाराम यादव सो नदीको दोभान फसेका थिए । उनीहरूको सशस्त्र प्रहरी बल नेपाल नं. ४१ रिजर्भ गण कपिलवस्तुबाट खटिएको सुरक्षा फौज सकुशल उद्धार गरेको हो । त्यस्तै लमही नगरपालिका-६ कुलमोहरस्थित अर्जुन खोलाको किनारामा फसेका ३३ वर्षीय गोरे क्षेत्रीको पनि प्रहरीले सकुशल उद्धार गरेको छ । राजपुर गाउँपालिका-२ बेलास्थित राप्ती नदीमा बेपत्ता भएका १८ वर्षीय राजकुमार यादवको खोजी कार्य भइरहेको प्रहरीले बताएको छ । दूध बिक्री गरी घर फर्कने क्रममा शनिबार बिहान करिब ९:३० बजे उनलाई नदीले बगाएको प्रहरीले बताएको छ ।

सिन्धुपाल्चोकमा निर्माणाधीन भोटेकोसी जलविद्युत्मा आयोजनामा पुरिएर बेपत्ता भएका दुई मजदुरको शव फेला परेको छ । भोटेकोसी गाउँपालिका-४ मा निर्माणधीन झिर्पु इलेक्ट्रो पावर कम्पनी लिमिटेडको ड्याम साइडको सुरुङ भत्किँदा शुक्रबार साँझ १२ मजदुर पुरिएका थिए । पुरिएकामध्ये १० मजदुरको घाइते अवस्थामा राति नै उद्धार गरिएको भए पनि बेपत्ता दुई मजदुरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका डिएसपी निरञ्जन भट्टराईले जानकारी दिए ।

निर्माणाधीन ४० मेगावाटको भोटेकोशी जलविद्युत् आयोजना-१ को ड्यामसाइडको सुरुङको ढलान गर्ने क्रममा शुक्रबार साँझ स्ल्याबको ढलान भासिँदा घटना भएको उनले बताए । मृत्यु हुनेमा बर्दियाको ठाकुरबारा नगरपालिका-३ का ३० वर्षीय रामदिन थारु र ठाकुरबाबा-५ का ३० वर्षीय सुमन थारु छन् । उनीहरू आयोजना निर्माणमा खटिँदै आएका मजदुर हुन् । घटनामा १० जना मजदुर घाइते भएका उनले बताए ।

देशको अन्य जिल्लामा पनि बाढी, पहिरोजस्ता विपद्का कारण जनधनको क्षति भएको छ । उपत्यकामासमेत बागमती, विष्णुमती, धोबीखोला, हनुमन्तेलगायत खोलामा आएको बाढीले काठमाडौं र भक्तपुरका बस्ती डुबानमा परेका छन् । ललितपुरको च्यासलस्थित नेकपा एमालेको केन्द्रीय कार्यालय नै डुबानमा परेको छ । बल्खुस्थित तरकारी बजार डुबानमा पर्‍यो ।

यस्तै, निरन्तरको वर्षापछि नारायणी नदीले खतराको बिन्दु पार गरेको छ । देवघाटमा शनिबार अबरे जलसतह ९.८ मिटर मापन गरिएको थियो । सात मिटर कटेपछि चेतावनी र नौ मिटर कटेसँगै खतराको तह मानिन्छ । बाढी पूर्वानुमान शाखा प्रमुख सुनिल पोखरेलका अनुसार शनिबार दिउँसोबाट नारायणी नदी आसपास क्षेत्रका बासिन्दालाई सतर्क रहन मोबाइलमा सन्देश पठाइएको छ । एक लाख हाराहारीलाई सतर्क रहन सन्देश पठाइएको पोखरेलले जानकारी दिए ।

सप्तकोसी नदीको जलसतह पनि शनिबार यस वर्षकै सबैभन्दा उच्च भएको छ । दिउँसो ३ बजे कोसी ब्यारेजमा दुई लाख ७२ हजार ४८५ क्युसेक जलसतह मापन गरेको नियन्त्रण मापन केन्द्रले जानकारी दिएको छ । नदीको बहाव बढेसँगै कोशी ब्यारेजको ३४ वटा ढोका खोलिएका छन् । शनिबार बिहान ४ बजे एक लाख २४ हजार ४६५ क्युसेक प्रतिसेकेन्ड जलसतह मापन गरिएको केन्द्रका कर्मचारी अमित यादवले बताए ।

सेती नदीमा पनि पानीको सतह बढेपछि पोखरा-१४ को गोष्टी बस्ती जोखिममा परेको छ । नदीमा पानीको सतह बढेर जोखिम बढेपछि नदी किनारमा बसोबास गर्ने पाँच परिवार विस्थापित भएका छन् ।

अविरल वर्षाले मुलुकका विभिन्न सडकमार्ग पनि प्रभावित भएका छन् । पछिल्लो २४ घण्टामा सबैभन्दा बढी वर्षा पाल्पाको कुमालगाउँ स्टेसनमा मापन भएको छ । त्यहाँको वर्षा मापन केन्द्रमा ४०८.२ मिलिमिटर वर्षा रेकर्ड भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

विगत २४ घण्टाको अवधिमा २०० मिलिमिटरभन्दा बढी वर्षा भएमा अति भारी वर्षा भएको मानिन्छ । देशका अधिकांश स्थानहरूमा वर्षा भइरहेको र अझै वर्षा हुने सम्भावना रहेकाले आज (आइतबार)सम्मै विशेष सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ ।

मौसमविद सुदर्शन हुमागाईंले मनसुन न्यून चापीय रेखा नेपालको भूभाग नजिक रहेकाले त्यसको प्रभावमा अति भारीदेखि मध्यम खालको वर्षा भएको बताए । यद्यपि यो वर्षा अपेक्षित नै रहेको उनको भनाइ छ ।

## ओलीलाई प्रधानमन्त्री...

२७५ सदस्यीय प्रतिनिधिसभामा बहुमतका लागि १३८ मत चाहिन्छ । १६७ सांसद भएका दुई ठूला दलले नयाँ सरकार बनाउने निर्णय गरेसँगै प्रधानमन्त्री दाहाल स्वतः अल्पमतमा परेका छन् । तर, प्रधानमन्त्री दाहालले राजीनामा नदिई विश्वासको मत लिन लागेका हुन् । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले समेत मन्त्री फिर्ता बोलाएर समर्थन फिर्ता लिइसकेपछि दाहालसँग जम्मा ६३ (माओवादी ३२, रास्वपा २१ र एकीकृत समाजवादी १०) सांसदमात्र छ ।

यही अवस्थामा उनले २८ असारमा विश्वासको मत लिने निर्णय गरेका हुन् । माओवादी सांसद माधव सापकोटाका अनुसार माओवादी नेताहरूले संविधानको धारा ७६ (३) अनुसार सरकार बनाउन लबिइङ गर्दै आएका छन् । संविधानको धारा ७६ (२) मा प्रतिनिधिसभामा कुनै दलको प्रस्ट बहुमत नरहेको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

धारा ७६ (३) मा निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउन नसके वा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बनेका प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत नपाएमा राष्ट्रपतिले प्रतिनिधिसभाको सबभन्दा ठूलो दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

गत बुधबार एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । उसले आफ्नो दलबाट मन्त्री भएकाहरूलाई फिर्ता गरिसकेको छ । यही १७ असारमा कांग्रेस-एमालेबीच सत्ता सहकार्यका लागि सात बुँदे समझदारी भएको थियो । जुन समझदारीसँगै ओलीलाई प्रधानमन्त्री बन्ने बाटो खुलेको छ । दुई ठूला शक्ति कांग्रेस-एमालेबीच हुन लागेको सत्ता सहकार्य संविधान संशोधनमा लक्षित रहेको ती दलका नेताहरूले बताउने गरेका छन् । कांग्रेस-एमालेले खासगरी समानुपातिक निर्वाचन प्रणाली हटाउनेदेखि प्रदेश खारेजीसम्मको तयारी गरेको बताइन्छ । माओवादी केन्द्रले भने यसलाई पश्चगमनतर्फ फर्कने षड्यन्त्र भएको टिप्पणी गरेको छ ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०३/२३ गते)

दल बहादुर राना मगरको नाती, श्रीमान कमान सिं राना मगर/श्रीमती अन्तरी रानाको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, बल्थली गा.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला, पनौती न.पा., वडा नं. ११ बस्ने (ना.प्र.नं. ८९६२२, जारी मिति २०५६/१२/०७, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक) शिद्ध बहादुर राना मगरको मिति २०८०/१२/०९ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बनेपा शाखामा रहेको बचत खाता नं.१०३०१६६३१७३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा राज कुमार राना मगरले यस बैंक बनेपा शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय बनेपामा वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हक दावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोक फोन नं. ०११-६६१२९८/६६१३०९



**लुम्बिनी विकास बैंक लिमिटेडको निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

यस विकास बैंकको विर्तामोड शाखा कार्यालयका खातावाला गोबिन्द प्रसाद न्यौपानेको नाति, धर्म बहादुर न्यौपानेको छोरा, कोशी प्रदेश, ईलाम जिल्ला, रोङ गाँउपालिका वडा नं. ३ बस्ने सुर्य न्यौपानेको मिति २०८०/१२/१२ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेको बचत र निक्षेप खाताको रकम भुक्तानी पाउँ भनी मृतकको आमा देब कुमारी न्यौपानेले यस विकास बैंकमा निवेदन दिनुभएको हुँदा उक्त बचत र निक्षेप रकम उपर निज निबेदक बाहेक अग्र प्राथमिकताका आधारमा अन्य कोही कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित हकदाबी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो निक्षेप उपर हकदावीको सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६
फ्याक्स नं. ०१-४५१३५२६



**शिवपुरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शेरावगर, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**गाउँपालिकाद्वारा गाउँबासीहरुलाई स्वास्थ्य सम्बन्धी जानकारीमूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी गाउँपालिकाबासीमा सचेतना**

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू :**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू :**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने :**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं :**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।





**VACANCY Announcement**




Accountant - 1
PRO - 2
Document controller - 3
Flight desk officer - 1

experience must be in related filled minimum 1 years for flight desk fresher can apply

Salary will be discussion on interview

Contact Person
9841881185, 9849770010

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



**मोटरसाइकल हराएको सूचना**

मिति २०८१/०२/१८ गते जिल्ला, भक्तपुर म.ठि.न.पा., चपाचो टोल घरअगाडी पार्किङ गरिराखेको अवस्थामा रातको करिब १२:०० बजेको समयमा कालो र निलो रङको, Pulsar 150 मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

धनीको नाम : गौतम राज बज्राचार्य
बाइक नं.: बा .प्र.०२-०४० प ३३२८
च्यासिस नं.: MD2A11CXXNPB16866
इन्जिन नं. : DHX12NB83254
ठेगानाः मध्यपुर ठिमि न.पा. ७, भक्तपुर
सम्पर्कः ९८४१७७०४१५


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोनः ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार २३ गते २०८१, आइतबार

| | |
|---|---|
| मेष | आफ्नो कामकुराका निमित्त समय दिन खोजिनेछ । |
| वृष | समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ । |
| मिथुन | नयाँ रोजगारीको सम्भावना छ । |
| कर्कट | दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ । |
| सिंह | सहजता विचार्दै आफूलाई अघि सारिनेछ । |
| कन्या | कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ । |
| तुला | काम कसरी सहज हुन्छ आफैंले विचार गर्नुपर्नेविभिन्न |
| वृश्चिक | व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ । |
| धनु | विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ । |
| मकर | परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ । |
| कुम्भ | सुझबुझले काम सल्टाउनु उचित हुनेछ । |
| मीन | कमजोरी र थकानले काममा मन नलाग्न सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २३ गते, २०८१, ०७ जुलाई, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२४ | १३३.८४ |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७१ | १६९.४७ |
| स्विस फ्रेन्क | १ को | १४९.१७ | १४९.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५४ | ८८.९४ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिँगापुर डलर | १ को | ९८.४७ | ९८.९१ |
| जापानी येन | १० को | ८.३५ | ८.३९ |
| चिनियाँ युआन | १ को | १८.३५ | १८.४४ |
| साउदी अरब रियाल | १ को | ३५.५२ | ३५.६८ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६३ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२८ | ३६.४४ |
| मलेसियन रिङ्गेट | १ को | २८.२८ | २८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३४.४२ | ४३६.३७ |
| बहराइन दिनार | १ को | ३५३.४५ | ३५५.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# वर्षाले निम्त्याएको विपद्...













१) अविरल वर्षाका कारण शनिबार जलमग्न बनेको दाङको घोराही उपमहानगरपालिका क्षेत्रका खोला तथा खेत ।
२) नारायणी नदीमा आएको बाढीले शनिबार घर डुबानमा परेपछि नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट-२ बोटेटोलका बासिन्दा सुरक्षित स्थानतर्फ जाँदै ।
३) काठमाडौंको तीनकुने गैरीगाउँस्थित जलमग्न सडकमा जोखिम मोलेर सवारीसाधन सञ्चालन गर्दै चालक ।
४) शनिबार बिहान बैँसीसहर-चामे सडकअन्तर्गत मर्स्याङ्दी गाउँपालिका-४ हावाडाँडास्थित सडकमा झरेको पहिरो पन्छाउँदै सुरक्षाकर्मी ।
५) पहिरो खसेर अवरूद्ध भएको रूकुम पूर्वको सिस्ने गाउँपालिका-६ रानीकोटमा पर्ने मध्यपहाडी राजमार्ग ।
६) वीरगञ्ज महानगरपालिकाको-११ श्रीपुरमा शनिबार डुबानमा परेको सडक र डुबानसँगै सडक नदेखिँदा सडक किनाराको नालमा फसेको जिप ।

*तस्बिरहरू: रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALBILAD UNITED COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८१/०३/२२ | LT. No. 307155 | चलानी नं. ६०२२१९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MINI TRUCK DRIVER | 1 | 0 | 1500 | ५३,३०२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office And Facilities Cleaning Worker | 1 | 0 | 1000 | ३५,५३४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३० गते (14th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAYZAK AL SHARQ INDUSTRIAL FACTORY.

पूर्व स्वीकृति मिति: २०८१/०३/२१ | LT. No.307212 | चलानी नं. ६०२२१९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३० गते (14th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884
E-mail : snrecruitingnepal@gmail.com


## सोलुदुधकुण्ड नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बुको

### कवाडीजन्य वस्तु र कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा कर संकलन तथा निकासी सम्बन्धी वढावढको सूचना

*(प्रथम पटक प्रकाशित मिति :- २०८१/०३/२३)*

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा व्यवस्था भए अनुसार यस सोलुदुधकुण्ड नगरपालिकाको नगरसभाको १४ औं अधिवेशनबाट स्वीकृत भएको आर्थिक ऐन बमोजिम सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र आ.व. २०८१/०८२ को लागि कवाडीजन्य वस्तु संकलन र कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा कर संकलन तथा निकासी कर संकलन गर्न तपसिल वमोजिमको न्यूनतम बोलपत्र अंकलाई आधार मानी बढाबढद्वारा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले कवाडीजन्य वस्तु र कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा कर संकलन तथा निकासी गर्ने गरि ईजाजत प्राप्त फर्म/ कम्पनी/ संस्थाले तपसिलको शर्तहरूको अधिनमा रहि यस नगरपालिकामा तोकिएको समयभित्र वढावढको बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै बोलपत्र खरीद गर्दा सोलुदुधकुण्ड नगरपालिकाको रा.वा. वैंक, सल्लेरी शाखामा रहेको राजश्व खाता नं. २०२०१००३०१०१०००५ बोलपत्र फाराम दस्तुर र धरौटी खाता नं. २०२०१००३०३००००००५ मा धरौटी वापतको देहाय वमोजिमको रकम जम्मा गर्न सकिनेछ । यस सम्वन्धमा विस्तृत जानकारीको लागि नगरपालिकाको वेभसाइट www.solududhkundamun.gov.np हेर्नु हुन अनुरोध गरिन्छ ।

**तपसिल :**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम वार्षिक ठेक्का अंक रु. | धरौटी रकम रू. | बोलपत्र फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १. | ०९/२०८०/०८१ | कवाडीजन्य वस्तु संकलन, कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोवारमा कर संकलन तथा निकासी कर | मिति २०८१ साउन देखि २०८२ असार मसान्त सम्म | १८,००,०००।– (भ्याट वाहेक अठार लाख रुपैया मात्र ) | ९०,०००.०० | ३,०००.०० |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जोखिम न्यूनीकरण र उद्धार कार्य प्रभावकारी बनाऊ

मनसुन भित्रिएसँगै मुलुकभर जनधनको क्षति हुने क्रम बढेको छ। शुक्रबार रातिदेखि लगातार परेको वर्षाले शनिबार देशका अधिकांश स्थानमा डुबान, पहिरो, बाढीजस्ता विपद् निम्त्यायो जसले जनजीवन नराम्ररी प्रभावित हुन पुगेको छ । काठमाडौं उपत्यकाकै नदीहरूमा पानीको बहाव उच्च हुँदा वरपरका बस्तीहरू जलमग्न बन्नपुग्यो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका अनुसार बाढी, पहिरो र डुबानले देशको ठाउँठाउँमा मानवीय र भौतिक पूर्वाधारमा क्षति पुऱ्याएको छ ।

शनिबार राजधानीको नागार्जुन–३ स्थित ट्रपिकल रेस्टुरेण्टको भान्साघर पहिरोले पुरिँदा एक जनाको मृत्यु भएको छ । स्याङजाको बिरूवा गाउँपालिका–६ मा पहिरो जाँदा दुई जनाको ज्यान गयो । एक जना बेपत्ता भएका छन् । पर्वतमा पहिरोले दुई जना पुरिए । काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका–११ स्थित भ्याकुरे खोलाले बगाएर दुई जनाको मृत्यु भयो । तनहुँको शुक्लागण्डकी नगरपालिका–७ काउरेमा पहिरोमा परेर शनिबार तीन जना बेपत्ता भएका छन् । तनहुँकै ऋषिङ गाउँपालिका–१ झापुटारमा ढुंगाले लागेर शनिबार एक जनाको मृत्यु भएको छ ।

सिन्धुपाल्चोकमा निर्माणाधीन भोटेकोसी जलविद्युत्मा आयोजनामा पुरिएर बेपत्ता भएका दुई मजदुरको मृत्यु हुनुका साथै १० जना घाइते भएका छन् । दोलखाको गौरीशंकर गाउँपालिका–९ मा बाढीले बगाएर एक जनालाई बेपत्ता बनाएको छ । त्यहाँ बाढीले तीनवटा घरसमेत बगाएको छ । दाङमा राप्ती नदी पार गर्ने क्रममा नदीले बगाएर एक जना बेपत्ता भएका छन् । गुल्मीको रूरू क्षेत्र गाउँपालिका–३ मा पहिरोले घर पुर्दा एक महिला घाइते भएकी छन् ।

बागमती नदीमा फसेका तीन जनाको भने सशस्त्र प्रहरीको गोताखोरले सकुशल उद्धार गरेको छ । दाङको लमही नगरपालिका–७ हसनापुरस्थित राप्ती नदीमा पानीको बहाव बढी फसेका दुई जनाको सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ । त्यस्तै लमही नगरपालिका–६ कुलमोहरस्थित अर्जुन खोलाको किनारामा फसेका एक जनालाई पनि प्रहरीले सकुशल उद्धार गरेको छ ।

यी त लगातारको वर्षापछि भएका मानवीय क्षतिका केही उदाहरणमात्र हुन् । डुबान, बाढी तथा पहिरोका कारण ठूलो भौतिक तथा आर्थिक क्षति भएका छन् । यी प्रकोपबाट विस्थापित भएका घरपरिवारको संख्या यकीन भइसकेको छैन । घरभित्र पसेका बाढीले पुऱ्याएका क्षतिको मूल्यांकन हुन सकेको छैन । वर्षा अझै रोकिएको छैन । यो वर्षको मनसुन भर्खरै सुरु भएकाले अझै क्षति धेरै पुऱ्याउने सम्भावना छ । किनकि यो वर्ष गत वर्षको तुलनामा धेरै वर्षा हुने आकलन यसअघि नै सार्वजनिक भइसकेको छ । त्यसैले क्षति न्यूनीकरणमा सरकारले सम्पूर्ण संयन्त्रलाई प्रभावकारीरूपमा परिचालन गर्न जरुरी छ । बाढी, पहिरो र डुबानमा फसेकाहरूको उद्धार तथा विस्थापितहरूको व्यवस्थापनमा विशेष ध्यान दिइयोस् । विपद्लाई रोक्न सकिन्न, त्यसैले क्षति न्यूनीकरणमा जोड दिऔं ।

# सहरी बाढीको समस्या र बढ्दो चुनौती



■ डा. केदार कार्की

> नेपालले आफ्ना सहरहरूको अत्यधिक घनत्वलाई नजिकबाट जाँच्नुपर्दछ र आर्थिक, वातावरणीय तथा सामाजिक दिगोपनाको आधारमा जनसांख्यिकीय घनत्वलाई स्वीकार्य सीमाभन्दा बाहिर जानबाट रोक्ने राष्ट्रिय नीति बनाउनुपर्छ । साथै, बसाइँसराइले ठूला सहरहरूमा पर्ने बोझलाई कम गर्न स–साना सहरमा लगानी र विकासका लागि ठूला कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । यसले अन्य सहरको विकासमा स्थायी गति दिने छ । नागरिकहरूमा विपद् जोखिम न्यूनीकरण गर्ने व्यवहारको विकास गर्न पनि पहल गर्नुपर्छ ।

विश्वका धेरै देशहरूमा सहरी बाढीका घटनाहरू भएका छन् । उदाहरणका लागि सन् २००० र २००९ को बीचमा दक्षिण अफ्रिकाका धेरै सहरहरूमा ठूलो मानवीय तथा आर्थिक क्षति भयो । त्यतिबेला त्यहाँ बाढीले १४० जनाको मृत्यु भयो भने १७० बिलियन अमेरिकी डलरबराबरको आर्थिक क्षति । सन् २०१२ मा चीनको उहान, नाञ्जिङ र तियानजिनमा जल निकासी प्रणाली भारी वर्षाको सामना गर्न असफल भयो । सन् २०२१ मा हेनरी र इडा आँधीका कारण अमेरिकाको पूर्वी तटमा रहेका धेरै सहरहरू डुबानमा परेका थिए ।

यसैगरी २०२३ मा बेइजिङ (चीन) को यातायात प्रणालीमा बाढीले ठूलो क्षति पुऱ्यायो। अमेरिकाको न्युयोर्क सहर ठूलो वर्षाले विनासकारी भएको थियो, जसले गर्दा आपत्कालको अवस्था सिर्जना भयो । लिबियाको डेरनाले विनासकारी बाढीको सामना गऱ्यो जसले एक हजारभन्दा बढी मानिसको ज्यान लियो र लगभग १० हजार बेपत्ता भए । केही महिना अघिमात्र युएईलाई पनि भारी वर्षाले डुबानमा पाऱ्यो । अहिले विभिन्न देशका सहरहरूमा बाढीले प्रभावित बनाइरहेका समाचारहरू निरन्तर आइरहेका छन् ।

सहरी बाढीको बढ्दो घटनाहरूले स्थानीय पूर्वाधार, व्यवसाय र मानव जीवनमा ठूलो क्षति पुऱ्याउँदछ, जसले भविष्यमा स्थानीय, राज्यस्तर र राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण प्रभाव पार्ने छ । आर्थिक हब भएकोले सहरको गतिविधिमा कुनै पनि अवरोधले ठूलो आर्थिक नोक्सान निम्त्याउँछ। सडकहरू क्षतिग्रस्त हुनसक्ने हुँदा, मोबाइल फोन नेटवर्कहरू सञ्चालन गर्न नसक्ने हुन सक्छ र विद्युतीय झटकाबाट बच्न सुरक्षा सावधानीको रूपमा बिजुली लाइनहरू काटिन सक्छ । त्यस्ता घटनाहरू पछ्याउँदै सहरका पूर्वाधारहरू पुनः प्रयोग गर्नुअघि पुनर्निर्माण वा मर्मत गर्नुपर्छ, र थप रूपमा, बाढीको पानी घट्दै जाँदा, सहरहरूले हैजा र मलेरियाजस्ता सम्भावित प्रकोपको सामना गर्नुपर्ने हुन सक्छ ।

हाम्रा सहरहरूमा सहरी विकासले वर्षाको पानीलाई जमिनमा पर्नबाट रोक्ने छाना, सडक, ड्राइभवे र पैदलमार्गजस्ता कडा सतहहरू सिर्जना गर्दछ । यसको मतलब प्राकृतिकरूपमा हुनेभन्दा बढी पानी प्रवाह हुन्छ । नेपालमा सहरी बाढीका कारण बहुआयामिक छन् । जसमा द्रुत सहरीकरण, अपर्याप्त सहरी योजना र पूर्वाधार, जलस्रोतको अतिक्रमण, अवरुद्ध ढल निकास प्रणाली, अनुचित फोहोरमैला व्यवस्थापन र जलवायु परिवर्तन समावेश छन् । भवन र सडकहरूको ठोस सतह (जसलाई अभेद्य आवरण पनि भनिन्छ) ले वर्षाको पानीलाई जमिनमा छिर्नबाट रोक्छ, जसको परिणामस्वरूप बहाव हुन्छ । यस प्रकारको बाढी सहरी वातावरणमा धेरै हुने भएकाले यसलाई कहिलेकाहीँ सहरी बाढी पनि भनिन्छ। पछिल्लो समय देशका प्रमुख सहरहरूमा 'सहरी बाढी' को आवृत्ति र गम्भीरता बढेको छ । फलस्वरूप, सहरी बासिन्दाहरूले पानी जम्ने र ट्राफिक जामजस्ता समस्याहरूको सामना गर्नुपरेको छ, जसले उनीहरूको दैनिक जीवनमा क्षति र अवरोध सिर्जना गरेको छ । सहरी बाढीको बारम्बार र बढ्दो समस्या एक प्रणालीगत समस्या हो र यसको मूल कारण अन्य विषयहरूलाई बहिष्कार गर्दै आर्थिक लाभलाई प्राथमिकता दिनु हो ।

क्याचमेन्ट क्षेत्र विस्तार र यसमा ढुंगा जम्मा हुँदा पानीको घुसपैठ दर घट्छ जसले सहरी क्षेत्रमा तुलनात्मक रूपमा बाढीको अवस्था निम्त्याउँछ। यो धेरै छिटो र अचानक उत्पन्न हुन्छ, जसलाई 'सहरी बाढी' भनिन्छ । सहरी बाढीसँग सम्बन्धित समस्याहरूको दायरा अपेक्षाकृत स्थानीय तहदेखि ठूला घटनाहरूमा फैलिएको छ । जसमा मानिसहरूको छोटो अवधिको स्थानान्तरण, नागरिक सुविधाहरूमा क्षति, पानीको गुणस्तरमा ह्रासजस्ता समस्याहरू समावेश छन् । यसबाहेक, सहरी क्षेत्र धेरै सघन जनसंख्या भएकाले महामारीको जोखिम उत्पन्न हुन्छ । तसर्थ, सहरी बाढीबाट उत्पन्न सामाजिक र आर्थिक क्षति ठूलो हुनसक्छ । सहरी बाढी भनेको ड्रेनेज सिस्टमको क्षमताभन्दा बढी वर्षाको कारणले गर्दा घना जनसंख्या भएको क्षेत्रमा जमिनको डुबान हो ।

सहरी बाढी ग्रामीण बाढीभन्दा फरक छ किनभने सहरीकरणले क्याचमेन्टको विकास गर्दछ, जसले बाढीको शिखरको तीव्रता १.८ देखि आठ गुणा र बाढीको मात्रा छ गुणाले बढाउँछ । फलस्वरूप, उच्च प्रवाहको कारण बाढी धेरै छिटो (मिनेटभित्र) आउँछ । नेपालमा सहरी बाढी आउनुका केही कारणहरू अत्यधिक ओभरल्याण्डको बहाव, नदीको किनार, मैदान र नदीको किनारमा अतिक्रमण, जमिनको पानी शोषण गर्न सिमसार क्षेत्रहरूको बढ्दो असक्षमता आदिलाई बुझ्न सकिन्छ। नालीको अनुचित व्यवस्था र भारी वर्षाको पानीको कमजोर व्यवस्थापन पनि सहरी बाढीका कारण हुन् ।

## सहरी बाढी बढ्नुका कारणहरू

**मौसम परिवर्तनः**

यसले अप्रत्यासित मौसमी ढाँचाहरू निम्त्याउँदछ, तीव्र वर्षा, तातो लहरहरू र चक्रवात्हरू निम्त्याउँछ ।

**अनियोजित सहरी विकासः**

प्राकृतिक स्रोतहरूमा अनियोजित र गैरकानुनी गतिविधिहरूको द्रुत विस्तारले सहरहरूलाई असुरक्षित बनाउँछ । अनियोजित सहरीकरण र जनसंख्या वृद्धिसँगै निर्माण गतिविधिहरू (विशेषगरी तल्लो क्षेत्रमा) बढेको छ र यसले जलस्रोतहरू गुमाएको छ ।

**मानव अतिक्रमणः**

पक्की संरचना निर्माण सहरी बाढीको कारण हो । सहरमा कंक्रिट संरचना (पक्की फुटपाथ, सडक र बस्तीमार्फत) बढ्दै जाँदा वर्षाको पानी जमिनमा सोस्न कम भएको छ, जसकारण अत्यधिक आँधी पानीको बहावमा वृद्धि भएको छ ।

**अपर्याप्त बाढी व्यवस्थापनः**

धेरै सहरहरूमा उचित बाढी नियन्त्रण प्रणाली छैन । उदाहरणका लागि पानी जम्ने समस्या मुलुकको सबै सहरी क्षेत्रमा प्रायः देखिन्छ, जसले नगरपालिकाको तयारीको कमीलाई उजागर गर्दछ ।

**फोहोर व्यवस्थापनका समस्याः**

ड्रेनेज सिस्टममा ठोस फोहोरको अनुचित व्यवस्थापनका कारण बाढीको समस्या अझ बढेको छ ।

## सहरी बाढीका चुनौतीहरू

**पूर्वाधारको क्षतिः**

भारी वर्षा र बाढीले भवन र सडकलाई क्षति पुऱ्याउन सक्छ, दैनिक जीवनमा बाधा पुऱ्याउँछ । उदाहरणः सहरी क्षेत्र भारी वर्षा हुनासाथ जलमग्न भइरहेको छ ।

**यातायात अवरुद्धः**

सडक र सार्वजनिक यातायात प्रणालीमा पानी जमेकोले ट्राफिक जाम हुन्छ, मानिसहरूलाई सहर वरिपरि आवतजावत गर्न गाह्रो हुन्छ ।

**आपत्कालीन प्रतिक्रियाः**

अप्रत्यासित प्रकोपहरूले सहरको स्रोतसाधनमा दबाब दिन्छ र बजेटलाई विकासको सट्टा पुनरुत्थान वा पुनःप्राप्तितर्फ निर्देशित गर्छ ।

**प्रदूषण सम्बन्धित समस्याहरूः**

ठूलो मात्रामा दूषित बहावले सहरी जल निकासी प्रणालीलाई ओझेलमा पार्न सक्छ, जसले 'फ्ल्यास फ्लड' निम्त्याउँछ ।

**सार्वजनिक स्वास्थ्य जोखिमः**

सहरी बाढीले पानीजन्य रोगहरू, दूषित पिउने पानी र विभिन्न रोगहरू फैलाउन सक्छ ।

**खाद्य, पानी र ऊर्जा सुरक्षाः**

प्राकृतिक प्रकोपहरूले यी आधारभूत आवश्यकताहरूलाई प्रभावित पारिदिन्छ, विशेषगरी नदी किनारका सहरहरूमा बढी जोखिम निम्त्याउँदछ ।

**सामाजिक असमानताः**

सहरी बाढीले प्रायः कम आय भएका समुदायहरू र सीमान्तकृत समूहहरूसहित कमजोर जनसंख्याहरूलाई असमानरूपमा बढी असर गर्दछ ।

**सहरी योजनामा रहेका कमजोरीहरू**

वाटर बडी म्यापिङको उपेक्षा, अपर्याप्त प्रारम्भिक चेतावनी प्रणाली, भरपर्दो पूर्वचेतावनी प्रणाली लागू गर्न नसक्नु तथा स्थानीय तहको सीमित तयारी सहरी योजनाका मुख्य समस्याहरू हुन् । स्थानीय तहहरूमा प्रायः विपद्को स्थितिलाई कुशलतापूर्वक व्यवस्थापन गर्न पर्याप्त तालिम, स्रोत र सुविधाको अभाव हुन्छ । विपद् न्यूनीकरणको जिम्मेवारी मुख्यतया जिल्ला प्रशासन कार्यालयमा छाडिएको छ । जसले बलियो स्थानीयस्तरको प्रतिक्रिया क्षमताहरूको आवश्यकतालाई उजागर गर्दछ ।

**अगाडिको बाटो**

सहरी जलस्रोत र भू-उपयोगसँग सम्बन्धित बाढी जोखिम र क्याचमेन्टहरू बुझ्न सबै सहरहरूमा विस्तृत अध्ययन गरिनुपर्छ। ताल र नदी व्यवस्थापन योजना परिभाषित गरी तिनको संरक्षण र अतिक्रमणबाट मुक्तिमा स्थानीय नागरिकलाई संलग्न गराउनुपर्छ । भौगोलिक सूचना प्रणाली (जिआइएस) स्थानीय जल निकायहरू ट्र्याकिङ गर्न, अतिक्रमण निगरानी र मौसम बुझ्न प्रयोग गर्नुपर्छ । मौसम परिवर्तनको ढाँचामा वास्तविक समय अद्यावधिकका लागि डप्लर रडारसहित थप प्रारम्भिक चेतावनी प्रणालीहरूमा लगानी गर्नुपर्छ । सिमुलेसनहरू बाढी जोखिम क्षेत्रहरू वा 'बाढी हटस्पटहरू' का लागि सञ्चालन गरिनुपर्छ, विशेषगरी जब वर्षाको ढाँचा परिवर्तन हुँदै छ । बाढीसम्बन्धित प्रकोपको अवस्थामा तत्काल राहत प्रदान गर्न सहरव्यापी डेटाबेसमा लगानी गर्नुपर्छ ।

ड्रेनेज र वर्षाको पानी सञ्जालहरू पुनरुत्थान र विद्यमान पाइपलाइनहरू (बहिने वा वर्षाको पानी) को सर्वेक्षण गरी पानी जम्ने क्षेत्रहरू पहिचान गरिनुपर्छ । सहरी खानेपानी व्यवस्थापनमा संलग्न निकाय र संस्थाबीचको समन्वयमा सुधार गर्नुपर्छ । सिमसार तथा जलस्रोत संरक्षणको बारेमा जनचेतना फैलाउनुपर्छ । स्पष्ट सहरी खानेपानी नीति बनाउनुपर्छ। सहरी खानेपानी व्यवस्थापनमा नागरिकको सहभागितालाई प्रोत्साहन गर्नुपर्छ । सहरी र ग्रामीण दुवै क्षेत्रमा परम्परागत स्थानीय जलस्रोतहरूको संरक्षण र पुनरुत्थानमा जोड दिन आवश्यक छ । यी जल निकायहरूले सुधारिएको पानीको स्तर र गुणस्तरका साथै बाढी न्यूनीकरणका लागि सहरी नीलो-हरियो पूर्वाधारहरू सिर्जना गर्ने छन् (विशेषगरी रेन बगैंचा र बायोस्वेलहरू, सहरी पार्क, हरियो छाना र हरियो पर्खालजस्ता क्युरेट गरिएको पूर्वाधारहरूमार्फत) ।

**समाधान**

नेपालले आफ्ना सहरहरूको अत्यधिक घनत्वलाई नजिकबाट जाँच्नुपर्दछ र आर्थिक, वातावरणीय तथा सामाजिक दिगोपनाको आधारमा जनसांख्यिकीय घनत्वलाई स्वीकार्य सीमाभन्दा बाहिर जानबाट रोक्ने राष्ट्रिय नीति बनाउनुपर्छ । साथै, बसाइँसराइले ठूला सहरहरूमा पर्ने बोझलाई कम गर्न स–साना सहरमा लगानी र विकासका लागि ठूला कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । यसले अन्य सहरको विकासमा स्थायी गति दिने छ । नागरिकहरूमा विपद् जोखिम न्यूनीकरण गर्ने व्यवहारको विकास गर्न पनि पहल गर्नुपर्छ ।

देशभरका नागरिकलाई आफ्नो दैनिक जीवन, जीविकोपार्जन र व्यावसायिक ढाँचामा जोखिम न्यूनीकरण गर्ने सोचलाई प्रवर्द्धन गर्न प्रेरित गर्नुपर्छ । यसका लागि राज्यले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि ठूलो स्तरको शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । योजनाबद्ध सहरी विकास, सहरी क्षेत्रहरूमा हरित कभर र हरित बेल्ट वृद्धि, भारी वर्षाको पानी निकास प्रणालीमा सुधार आदि केही रोकथाम उपायहरू छन् जुन संस्थागत तयारीहरू अपनाउनुपर्छ । यस सम्बन्धमा केही संस्थागत तयारीहरू निम्नानुसार छन्-

जनस्वास्थ्य प्रशिक्षण कार्यकर्ता, खोप र औषधिको उपलब्धता सुनिश्चित गर्ने र रोकथामका लागि मनसुन पूर्वतयारी गर्ने, नागरिकलाई रोकथामसम्बन्धी तालिम दिने । विगतका घटनाहरूबाट सिकेर त्यसका आधारमा उपयुक्त सुरक्षा उपायहरू अवलम्बन गर्ने, निजी क्षेत्रलाई यससँग जोडेर सकारात्मक परिवर्तन ल्याउने प्रयास गर्ने । जनताको मानसिकतामा, सहरी जनताको रहनसहन र जीवनशैलीमा सुधारसम्बन्धी मापदण्ड अपनाउने । यो समस्यालाई प्रभावकारीरूपमा समाधान गर्न तत्काल पहल आवश्यक छ । सहरी बाढीको चुनौतीलाई सफलतापूर्वक सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय सरकारका साथै नागरिकको सक्रिय सहभागिता रहेको सहकार्यात्मक दृष्टिकोण अपनाउनु आवश्यक छ ।

## मनन्योग्य

### विदुर नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमशः

## पत्र-मञ्जुषा

### कांग्रेसको हातमा सत्ता !

मुलुकमा पहिलोपटक २०७४ सालमा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन भएको थियो । सो वर्षको मंसिर १० र २१ गते दुई चरणमा निर्वाचन गराउने सरकारको घोषणा थियो । चुनाव घोषणासँगै नेकपा एमाले र नेकपा माओवादी केन्द्रले गठबन्धन गरे । जनतामाझ भोट माग्न सँगै गए । दुवै पार्टीले चुनावपछि एकीकरण हुने वा एउटै पार्टी हुने बताएका थिए । र, जनताले विश्वास गरी उनीहरूलाई बहुमत दिए । चुनावमा बहुमत आएपछि एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच कसले प्रधानमन्त्री वा पार्टीको अध्यक्ष खाने भन्नेमा विवाद सुरु भयो ।

चुनाव सकिएको लामो समयसम्म पनि कोही प्रधानमन्त्री भएन । अनि विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंको घरमा मार्सी चामलको खाना खाएपछि ओली र दाहालबीच केही सहमति भएको थियो । जसमा पार्टीको अध्यक्ष र प्रधानमन्त्री ओली-दाहाल आलोपालो ३०-३० महिना खाने सहमति भयो । पहिलो चोटी प्रधानमन्त्री ओली हुने र पहिलो चोटी पार्टी अध्यक्ष दाहाललाई बनाउने लिखित सहमति भएको थियो । ओली र दाहालले सहमतिपत्रमा हस्ताक्षर नै गरेका थिए । र, त्यसको साक्षी प्रसाईं बने । सहमतिपश्चात् ०७४ फागुन्न ३ गते ओली प्रधानमन्त्री भए । सम्झौताअनुसार ओली प्रधानमन्त्री भएपछि पार्टीको अध्यक्ष दाहालले पाउनुपर्थ्यो । दाहालले विश्वास गरेर ओलीलाई प्रधानमन्त्री बनाउन समर्थन गरेका थिए । तर, ओलीले उनलाई पार्टी अध्यक्ष दिएनन् । आफैंले पार्टी पनि चलाए । दाहाललाई पार्टीको कुनै पनि निर्णय वा बैठक राख्नै दिएनन् । तैपनि दाहाल ओलीको पछिपछि लागे । उनमा आश थियो ओलीले आफूलाई पार्टी अध्यक्ष दिन्छन् ।

यद्यपि, ३० महिनासम्म ओलीले उनलाई पार्टी अध्यक्ष दिएनन् । र, आफू प्रधानमन्त्री बनिरहे । ओली प्रधानमन्त्री भएको ३२ महिना पुगेपछि दाहालले सार्वजनिक कार्यक्रममा ओली र आफूबीच आधा-आधा समय प्रधानमन्त्री र पार्टी अध्यक्ष बन्ने सहमति भएको भन्दै अब आफूले प्रधानमन्त्री पाउनुपर्ने बोल्न थाले । अनि ओलीले दाहालसँग कुनै पनि सहमति नै नभएको बताउन थाले । उनले पाँचै वर्ष आफूले प्रधानमन्त्री र पार्टी अध्यक्ष चलाउने भन्दै ओठे जवाफ फर्काए । त्यसपश्चात् ओलीले आफ्ना कार्यकर्तालाई बालुवाटारमा बोलाएर आफ्नै पार्टीका मान्छे वा विपक्षले सरकारको विरोध गरेमा कालो अरिंगालजसरी टोक्नू भनेर निर्देशन दिए ।

प्रधानमन्त्रीजस्तो जिम्मेवार पदमा बसेर ओलीले यस्तो गैरजिम्मेवार अभिव्यक्ति वा निर्देशन दिएका थिए । तर, पछि तीव्र विवादबीच पार्टी अध्यक्ष र प्रधानमन्त्री पदबाट हट्नुपर्ने अवस्था निम्तिएपछि ओलीले ०७७ पुस ५ गते र ०७८ जेठ ८ गते दुईपटक संसद् विघटन गरिदिए । यद्यपि, दुवै पटक सर्वोच्च अदालतले संसद् विघटन उल्टाइदियो । ०७८ असार २९ गतेभित्र ओली नेतृत्वको सरकार हटाई प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन सर्वोच्चले आदेश दियो । अनि ओली बालुवाटारबाट निस्किए ।

२०७९ मंसिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन भयो । कांग्रेस ८९ सिटसहित पहिलो पार्टी बन्यो । एमालेले ७८ सिट जित्यो । माओवादी ३२, रास्वपा २१, राप्रपा १४, जसपा १२, एकीकृत समाजवादी १०, जनमत ६, लोसपा चार, नागरिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा एक र नेमकिपाले एक सिट जित्यो । २०७९ सालको निर्वाचनमा एमालेलाई जनताले नपत्याएपछि ओलीको बालुवाटार र सिंहदरबार छिर्ने सपना चकनाचुर भयो ।

अनि उनले सुरु गरे दाहाललाई उचाल्न । दाहालले कांग्रेससहित विभिन्न दलसँग गठबन्धन गरेर ०७९ सालको निर्वाचन लडेका थिए । चुनावपछि कांग्रेसले आफू ठुलो पार्टी रहेकोले पहिलोपटक आफू र दोस्रोपटक तपाईं प्रधानमन्त्री खानूस् भनेर दाहाललाई भनिरहेको थियो । तर, दाहाल यसमा सहमत भएनन् । उनी बालुवाटारको बैठक छाडेर एकैपटक बालकोट पुगे । दाहालकै कारण एमालेले सभामुख पायो । अहिले ओलीले आफू प्रधानमन्त्री बन्न दाहाल नेतृत्वको सरकार ढालिदिए । यद्यपि 'कांग्रेसले अहिले ओलीलाई प्रधानमन्त्री बनाए दाहाललाई दिएजस्तै धोका दिन्छ' भन्ने तर्कहरू आइरहेका छन् ।

अहिले कांग्रेसको हातमा सत्ता छ । अब कांग्रेसले सभापति देउवालाई प्रधानमन्त्री नबनाई ओलीलाई प्रधानमन्त्री दिए ०८४ सालको निर्वाचनमा कांग्रेस पनि सकिने छ । कांग्रेसलाई जनताले पहिलो पार्टी बनाएका छन् । त्यसैले, अब कांग्रेसले साना दलसँग मिलेर सरकार गठन गर्नुपर्छ ।

कांग्रेस एमालेसँग सम्झौता गरिसक्यौं भनेर बस्ने होइन । देश र जनताको हितका लागि कांग्रेसले निर्णय गर्नुपर्छ । अब कांग्रेसको नेतृत्वमा सरकार बन्छ भनेर बजारमा बहससमेत सुरु भइसकेको छ । त्यसैले, यो वर्ष ओलीको प्रधानमन्त्री बन्ने सपना चकनापुर हुने छ । ओलीले दाहाललाई सक्काउन खोजे, तर कांग्रेसले साना दलसँग मिलेर सरकार गठन गरेपश्चात् एमाले आफैं सकिने देखिन्छ ।

**– अर्पण शर्मा, काठमाडौं**

**जानकारी**

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**बस्तीमा नारायणी नदीको बाढी** | **अविरल वर्षापछि नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट–२ बोटेटोलमा शनिबार पसेको नारायणी नदीको बाढी । बस्तीमा बाढी पस्दा करिब १०० घरका ४०० जना प्रभावित भएका छन् ।** *तस्बिरः टेकराज पोखरेल/रासस*

# जुम्लामा २० वर्ष उमेर नपुग्दै आमा बन्नेको संख्या १७ प्रतिशत

**जुम्ला–** जुम्लामा २० वर्ष उमेर नपुग्दै आमा बन्नेको संख्या १७ प्रतिशत रहेको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले जनाएको छ । यहाँका आठवटै स्थानीय तहमा २० वर्ष नपुगेका किशोरी आमा बनेको संख्या उल्लेख्य रहेको कार्यालयको भनाइ छ ।

शुक्रबार यहाँ पत्रकारलाई लक्षित गरी आयोजना गरिएको स्वास्थ्यसम्बन्धी अभिमुखीकरणका अवसरमा कार्यालयका प्रमुख कृष्ण देवकोटाले चालु आवमा पहिलोपटक गर्भ जाँच गरेकामध्ये २० वर्ष नपुगी गर्भवती हुनेमा सबैभन्दा धेरै गुठिचौर गाउँपालिकामा ३३ प्रतिशत रहेको जानकारी दिए । साथै, चन्दननाथ नगरपालिकामा १३ प्रतिशत, तिला गाउँपालिकामा २२ प्रतिशत, तातोपानीमा २० प्रतिशत, पातारासीमा २४ प्रतिशत, कनकासुन्दारी २० प्रतिशत, हिमामा १७ प्रतिशत र सिंजा गाउँपालिकामा १५



प्रतिशत किशोरीहरू २० वर्ष नपुग्दै गर्भवती भएका छन् ।

कार्यालयले कुष्ठरोग नियन्त्रण कार्यक्रम पनि स्थानीय तहसँग सहकार्यमा काम गर्दै आएको छ । जिल्लामा २.५ प्रतिशत कुष्ठरोगीका बिरामी छन् । खोप कार्यक्रमबाट जिल्लाका ७८.२ प्रतिशत बालबालिका खोपको पहुँचमा छन् । चारपटक गर्भजाँच गर्ने र संस्थागत प्रसूतिदर जिल्लामा ५९.९ प्रतिशत छ । यहाँका आठवटै पालिकाको संस्थागत प्रसूति भएकामध्ये २० वर्षमुनिका किशोरीको १५.७ प्रतिशत रहेको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका स्वास्थ्य सहायक सुरेश पन्तले जानकारी दिए ।

जिल्लामा अस्पताल एक, प्रथामिक स्वास्थ्य सेवा केन्द्र एक, स्वास्थ्य चौकी २९, आधार भूत स्वास्थ्य सेवा केन्द्र २९, सामुदायिक स्वस्थ्य एकाइ १२, सहरी स्वास्थ्य केन्द्र एक रहेको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले जनाएको छ । कार्यालयले आमा सुरक्षा कार्यक्रम, परिवार योजना कार्यक्रम, प्रजनन स्वास्थ्य, किशोर किशोरी प्रजनन स्वास्थ्य र महिनावरी स्वच्छता कार्यक्रमका लागि प्रदेश र स्थानीय तहसँग समन्वय सहकार्यमा काम गर्दै आएको छ । *रासस*

# पहिरोले छ परिवार विस्थापित, बस्ती उच्च जोखिममा

**ढोरपाटन (बागलुङ)–** निरन्तर वर्षासँगै आएको पहिरोका कारण जिल्लामा छ परिवार विस्थापित भएका छन् । काठेखोला गाउँपालिका-६ को सुल्डाँडाबाट वडा नं ८ लेखानी जाने सडक चक्ल्याउने क्रममा लगाइएको पर्खाल पहिरोले बगाउँदा वरपरका तीन परिवार विस्थापित भएका हुन् । उक्त स्थानमा नौ घर पहिरोको जोखिममा परेका छन् ।

सुल्डाँडा-खानी खण्डका विभिन्न ठाउँमा पहिरो खसेको छ । पहिरोका कारण स्थानीय रघुनाथ कँडेल, कृष्ण कँडेल र लक्ष्मी विकको परिवार विस्थापित भएका वडाध्यक्ष बृहस्पति कँडेलले जानकारी दिए । अहिले विस्थापित भीमसेन क्याम्पसमा बसिरहेका छन् । पहिरोमा परेका पशुचौपायालाई पनि सुरक्षित स्थानमा सारिएको उनले बताए । उनका अनुसार सोही ठाउँको टापुका ११ घर पनि पहिरोको उच्च जोखिममा रहेका छन् ।

'पहिरोले सिंगो बस्ती नै जोखिममा परेको छ, अहिलेसम्म विस्थापित भएका परिवारलाई भीमसेन क्याम्पससहित अन्य सुरक्षित स्थानमा सारेका छौं, अझै धेरै घर पहिरोको उच्च जोखिममा परेका छन्,' वडाध्यक्ष



कँडेलले भने, 'मानवीय क्षति हुन नदिन तयारी अवस्थामा उद्धारका लागि खटिएका छौं ।' पहिरोले वडा नं ८ को सिरिमपाटाकी गौमती सुनार, मीनप्रसाद पुन र लालबहादुर रोकाको परिवार पनि विस्थापित भएका वडाध्यक्ष कँडेलले जानकारी दिए । यस क्षेत्रका एक दर्जन घर पहिरोको जोखिममा छन् । दुई सातादेखि निरन्तर पहिरो खस्दा भुँदीखोलाको पक्की पुल जोखिममा परेको उनले बताए ।

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बस्ती जोगाउन मेसिनको प्रयोग गरेर पहिरो हटाउन पहल गरिएको बताए । निरन्तर वर्षाका कारण पहिरो नरोकिएको भन्दै जोखिममा परेका बस्तीबाट स्थानीयलाई सुरक्षित स्थानमा सार्ने काम गरिरहेको उनले जानकारी दिए । उनका अनुसार विस्थापित परिवारलाई गाउँपालिकाले तत्काल बासको व्यवस्थापन गरेको छ ।

'वर्षा रोकिएको छैन, पहिरो पनि निरन्तर खसिरहेकाले धेरै घर जोखिममा छन्, अहिले हामी उद्धार र स्थानान्तरणमा जुटेका छौं । पहिरो पन्छाएर बस्ती जोगाउने प्रयास गरिरहेका छौं, वर्षा नरोकिँदा अझै जोखिम बढ्ने सम्भावना छ,' अध्यक्ष थापाले भने, 'घरमा बस्न जोखिम भएपछि केहीले छिमेकीको घरमा आश्रय लिनुभएको छ भने केहीलाई सुरक्षित स्थान खोजेर राख्न थालेका छौं ।'

### प्रहरी चौकी पुरियो

अविरल वर्षाका कारण पहिरोले जिल्लामा प्रहरी चौकी पुरिएको छ । दुई दिनदेखि निरन्तर परेको वर्षाले चौकी माथिदेखि पहिरो खस्दा पञ्चकोट प्रहरी चौकीको भवन पुरिएको हो । पहिरोले बागलुङ-६ सर्वसिद्धिधाम पञ्चकोट जाने बाटोमा बनाइएको सिढी र पर्खाल पनि भत्किएको छ । मानवीय क्षति नभए पनि चार कोठे भवनको तीनवटा कोठा पूर्णरूपमा क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक ऋषिराम कँडेलले जानकारी दिए । पञ्चकोट क्षेत्रको सुरक्षाका लागि मन्दिर व्यवस्थापनले चौकी निर्माण गरेको भन्दै उक्त भवन पहिरोले भत्किएपछि अन्यत्र सार्ने तयारी भइरहेको छ ।

अहिले जिल्ला प्रहरी कार्यालयबाट १० जना र गण्डकी प्रदेश विपद् व्यवस्थापन गुल्म बागलुङबाट १४ जनाको टोली घटनास्थल पुगेर उद्धार थालिएको प्रहरी उपरीक्षक कँडेलले बताए । उक्त चौकीमा पाँच जना प्रहरी जवान बस्दै आएका थिए । प्रहरी उपरीक्षक कँडेलले भने, 'अहिले पनि ठूलो पानी परिरहेको छ, पहिरोले प्रहरी चौकी बगाएपछि यहाँ बस्दै आएका जवानलाई गण्डकी सभाहलमा व्यवस्थापन गरिएको छ । मानवीय क्षति नभए पनि भौतिक क्षति भएको छ ।' पहिरोले पञ्चकोटमा निर्मित मन्दिरसहित अन्य संरचनामा क्षति पुऱ्याएको छ । *रासस*

## ढलानमा पुरिएका मजदुरको शव भेटियो

**सिन्धुपाल्चोक (प्रस)–** सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ मा निर्माणाधीन भोटेकोशी-१ जलविद्युत् आयोजनाको ढलान खसेर पुरिएका दुई मजदुरको शव फेला परेको छ । शुक्रबार राति उद्धारकार्य थालिए पनि शनिबार बिहान ४ बजे दुवै मजदुर मृत भेटिएका हुन् ।

आयोजनाको डिसेन्डर कभर स्ल्याबमा च्यापिएर ज्यान गुमाउनेमा बर्दिया नगरपालिकाका रामजिन थारु र सुमन थारु रहेका छन् । उनीहरूको शव परीक्षणका लागि काभ्रेस्थित धुलिखेल अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक निरञ्जन भट्टराईले जानकारी दिए । ढलानको संरचनाभन्दा तल्लो भागमा उनीहरू पुरिएकाले समयमै उद्धार गर्न नसकिएको उनले बताए ।

उक्त दुर्घटनामा ११ जना घाइते भएका थिए । गत वर्षको साउन महिनादेखि निर्माण सुरु गरिएको भोटेकोशी-१ जलविद्युत्को सुरुङभन्दा माथि मजदुर काम गरिरहेको समयमा एक्कासि स्ल्याब भत्किएको थियो । एघार जनाको तत्काल उद्धार गरिएको थियो । उनीहरू सबै घाइते छन् । उनीहरूको बाह्रबिसेस्थित किस्टोन र बाह्रबिसे नगर अस्पतालमा उपचार भइरहेको छ भने केहीलाई धुलिखेल लगिएको जानकारी दिइएको छ ।


## गणेशमान चारनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
विरेन्द्रबजार, धनुषा
मधेश प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

**डेंगु (Dengue Fever) रोग सम्बन्धि जानकारी**

डेंगु रोग लामखुट्टेको टोकाईको कारणले सर्ने एक सरूवा रोग हो । यो रोग (Dengue Fever) डेंगु रोग लागेको मानिसबाट अर्को मानिसमा लामखुट्टेको टोकाईबाट सर्ने गर्दछ । रोग सार्ने लामखुट्टे यस क्षेत्रमा रहेको हुँदा हामी सबै जोखिममा छौं । भाईरसबाट हुने यस रोगको हालसम्म खोप तथा खास उपचार छैन । एडिस एजिप्टाई र एडिज आल्बोपिक्टस नामको लामखुट्टेको टोकाईले डेंगु रोग सर्दछ ।

**रोग लागे पछि देखिने चिन्ह र लक्षणहरु**

- जाडो हुँदै उच्च ज्वरो आउने, जीउ दुख्ने, जोर्नी तथा हाडहरु बेस्सरी दुख्ने ।
- रोग लागेको केही समय पछि छाला मुनी रगत जमेको धब्बाहरु देखा पर्ने ।
- रोगको जटिलता हुँदै गएपछि नाक गिजा वा शरीरका अन्य अंगहरूबाट रगत बग्ने ।
- ज्वरो आएको केही समयपछि प्रशस्त पसिना आउने र रक्तचाप घट्ने ।

**डेंगु रोगको उपचार**

- डेंगु गराउने भाईरसको विरूद्ध उपचार नभएको र खोपको पनि विकास भई नसकेकोले समयमै अस्पतालमा उपचारका लागि जानु पर्छ ।
- आफु खुसी अथवा चिकित्सको सल्लाह बिना ब्रुफेन एस्प्रीन जस्ता दुखाई कम गर्ने औषधीहरु कदापि खानु हुँदैन्न

**डेंगु रोगबाट बच्ने उपायहरु**

- लामखुट्टेको टोकाईबाट बच्ने नै यस रोगबाट बच्ने उत्तम उपाय हो ।
- यो रोग सार्ने लामखुट्टेले दिउँसोको समयमा टोक्ने भएकाले अनावश्यक रूपमा बाहिर ननिस्कौं ।
- बाहिर निस्कनु परेमा पुरा जिउ ढाक्ने लुगा लगाएर मात्र निस्कौं ।
- लामखुट्टेले गाडीको पुरानो टायर भित्र जमेको पानी, खुल्ला टंकी, कुलर भित्र जमेको पानी, गमलाको पानी, टुटे फुटेको गाग्री, सिसा, खेर फालेका प्लाष्टिक, टिनका बट्टा आदिमा जमेको पानीमा फुल पार्ने हुँदा उक्त पानीको भाडोहरूलाई घोप्टाई सुख्खा पार्ने ।
- बगैंचा, करेसाबारी, घरको छत आदिमा रहेका डिब्बा, भाडा, टायर, बोतल आदिमा जम्मा भएको पानी सुख्खा गराउनु रोगबाट बच्ने अति प्रभावकारी उपाय हो ।
- तसर्थ लामखुट्टेको बासस्थान खोज र नस्ट गर्ने अभियान यो रोगको रोकथाम गर्ने उत्तम विकल्प हो ।



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEVEN SAMURAI COOPERATIVE
पूर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No. 307171 | चलानी नं ६०२२१९२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव JPY | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 170,560 | १,४०,३५५ | क.नि.अनुसार | ८ घण्टा | ५ दिन | क.नि.अनुसार | छैन | | ३ वर्ष |

कम्पनी :SEVEN SAMURAI COOPERATIVE
पूर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No. 307172 | चलानी नं ६०२२१९२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव JPY | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 170,560 | १,४०,३५५ | क.नि.अनुसार | ८ घण्टा | ५ दिन | क.नि.अनुसार | छैन | | ३ वर्ष |

कम्पनी : SEVEN SAMURAI COOPERATIVE
पूर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No. 307162 | चलानी नं ६०२२१९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव JPY | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 170,560 | १,४०,३५५ | क.नि.अनुसार | ८ घण्टा | ५ दिन | क.नि.अनुसार | छैन | | ३ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ३० र ३१ गते (14 & 15 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ५०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**SATYAWATI OVERSEAS CONCERN PVT. LTD.**
Swoyambhu-15,Halchok, Ring Road, Kathmandu, Nepal, Tel: 01-5383068
E-mail: satyawaticoncern@gmail.com, info@satyawatioverseas.com
श्रम ईजाजत नं. ५०/०५१/०५२

# प्रभाव दैनिक

आइतबार २३, असार २०८१ (Sunday, July 07, 2024)


रूपशाला

### 'माइली'मा करिश्मा अनुबन्धित

रूना इन्टरटेन्टमेन्टको ब्यानरमा बन्ने फिल्म 'माइली' मा अभिनेत्री करिश्मा मानन्धर अनुबन्धित भएकी छिन । बाबू साहेब बलामीको कन्सेप्ट र निर्देशन रहने फिल्मका लागि करिश्मालाई हालै निर्माण पक्षले अनुबन्धित गरेको हो । फिल्म युनिटले करिश्माको पोस्टरलुक पनि सार्वजनिक गरेको छ । सार्वजनिक पोस्टरलुकमा करिश्मालाई खुशी मुद्रामा देखाइएको छ । करिश्माको पृष्ठभूमिमा एक महिलाले केही काम गरिरहेको देख्न सकिन्छ ।




# राजधानीमा 'के-पप वर्ल्ड फेस्टिभल'




■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरियन पप संगीतप्रेमीका लागि मनोरञ्जन दिलाउने र कोरियाको आधुनिक संस्कृतिको अनुभूति गराउने उद्देश्यका साथ आज कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा नेपालस्थित गणतन्त्र कोरियाली राजदूतावासको आयोजनामा 'के-पप वर्ल्ड फेस्टिभल' सम्पन्न भएको छ ।

सन् २०११ देखि दक्षिण कोरियाको छाङ्वोन सहरमा आयोजना हुने 'के-पप वर्ल्ड फेस्टिभल'लाई लक्ष्यित गर्दै नेपालमा सन् २०१६ देखि कोरियाली राजदूतावासले के-पप क्षेत्रीय प्रारम्भिक चरणको कार्यक्रम आयोजना गर्ने गरेको छ ।

नेपालमा आयोजित समारोहमा प्रमुख अतिथिका रूपमा उपस्थित नेपालस्थित गणतन्त्र कोरियाली राजदूत पार्क ताय-योङले स्वागत मन्तव्यका क्रममा दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० औं स्वर्ण जयन्तीका अवसरमा के-पपका साथसाथै कोरियाली भाषा, संस्कृतिको माध्यमबाट कोरिया र नेपालबीच जनस्तरको सम्बन्ध मजबुत हुँदै गएको बताए ।

उनले भने, 'कोरियाली संस्कृतिप्रति नेपाली जनतामाझमा एक अद्वितीय सद्भाव छ । यहाँ के-पप मात्र नभई भाषा, नाटक र परिकारका लागि पनि ठूलो लगाव छ । कोरियाप्रतिको सद्भाव, कोरियाली भाषा, संस्कृतिप्रतिको सम्मानलाई मध्यनजर गर्दै थप सांस्कृतिक आदानप्रदान तथा जनस्तरको सम्बन्ध विस्तारका लागि दूतावासले विभिन्न सांस्कृतिक कार्यक्रमलाई निरन्तरता दिने योजनामा रहेको छ ।'

उनले कोरियाको छाङवोन सहरमा हुने अन्तिम प्रस्तिस्पर्धामा नेपाली समूह सहभागी हुने विश्वास व्यक्त गर्दै शुभकामना दिए । यसवर्ष प्रारम्भिक चरणको छनोट प्रक्रिया अनलाइनमार्फत गत जेठ २३ देखि यही असार ९ गतेसम्म आयोजना गरिएको थियो । जहाँ ३० भन्दा बढी टिमले आफ्नो रोजाइको कोरियन पप सङ्गीतमा तयार गरिएको गायन तथा नृत्यको श्रव्यदृश्य पठाएर प्रतियोगितामा सहभागिता जनाएका थिए । त्यसमध्ये नृत्य समूह, एकल नृत्य, गायनसहित छनोट भएका बाह्र टोलीले भएको महोत्सवमा आफ्नो प्रस्तुति दिए ।

उनीहरूमध्ये समूह नृत्यतर्फ अरेलिया समूह, गायनतर्फ अञ्जली नेपाली र एकल नृत्यतर्फ सम्राट सुनुवार छनोट भए । छनोट भएकाको प्रस्तुतिको श्रव्यदृश्यलाई अन्तिम मूल्यांकनका लागि कोरिया पठाइने छ । उल्लेखित तीनमध्ये छनोट हुनेले कोरियामा हुने 'के-पप वर्ल्ड फेस्टिभल' आफ्नो प्रस्तुति दिँदै प्रतिस्पर्धा गर्न पाउनेछन् ।

पछिल्लो समय सन् २०१६ मा नेपालबाट मंगोलियन नाम्जा नामक नृत्य समूहले उक्त महोत्सवमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेका थिए । नेपाली युवाहरूमा कोरियन पपप्रति देखिएको आकर्षणलाई महत्व दिँदै दक्षिण कोरियाले नेपाली कलाकारलाई यस किसिमका कार्यक्रममा सहभागिता जनाउने अवसर प्रदान गर्दै आएको जनाइएको छ ।

नेपाल र दक्षिण कोरियाबीच पछिल्लो समयमा जनस्तरको सम्पर्क बढ्दै जाँदा यस किसिमका सांस्कृतिक कार्यक्रमले महत्वपूर्ण स्थान लिएको र दुई देशबीचको सम्बन्धलाई अझ मजबुत बनाउन सहयोग पुग्ने राजदूतावासले जनाएको छ ।

# 'मिस एण्ड मिसेस ब्युटिफुल नेपाल २०२४' सम्पन्न




■ प्रभाव संवाददाता

काठमाडौं– दक्ष इन्टरनेसनल र राज ब्युटी एकेडेमी एण्ड मेकअप स्टुडियोको आयोजनामा राजधानीमा सौन्दर्य प्रतियोगिता 'मिस एण्ड मिसेस ब्युटीफुल नेपाल २०२४' सम्पन्न भएको छ । प्रतियोगिता अन्तर्गत नवौं संस्करणको 'मिस ब्युटीफुल नेपाल' को उपाधि सञ्जिला तामाङ र आठौं संस्करणको 'मिसेस ब्युटीफुल नेपाल'को उपाधि विजया अधिकारीले जितेका छन् ।

प्रतियोगितामा 'मिस ब्युटीफुल नेपाल' तर्फ विपना मल्ल 'फष्ट रनरअप', इश्वरी हमाल ठकुरी 'सेकेण्ड रनरअप' र 'पब्लिक च्वाईस', जेलिना भट्टराई 'मोष्ट पपुलर' र सञ्जिला तामाङ 'मोष्ट ट्यालेन्ट' घोषित भए ।

त्यस्तै 'मिसेस ब्युटीफुल नेपाल'तर्फ रमिता बज्राचार्य 'फष्ट रनरअप', रितु रौनियार 'सेकेण्ड रनरअप', विजया अधिकारी 'पब्लिक च्वाईस' र 'मोष्ट पपुलर' घोषित भए । फिनालेमा दुवै समूहका आठ/आठ गरी १६ प्रतिष्पर्धी थिए ।

प्रतियोगिताको निर्णायकमा सरोज खनाल, यम बराल, सुनिता दुलाल, मञ्जु थापा, बालकृष्ण पोखेल, मनकुमारी पोखेल र निलम गुरुङ थिए । कार्यक्रमको अध्यक्षता दक्ष इन्टरनेशनलका प्रमुख एवम् कार्यक्रम संयोजक मेकअप आर्टिष्ट टेकराज पाण्डेले गरेका थिए । कार्यक्रममा संगीतकार शम्भुजित बाँस्कोटा, प्रतिनिधि सभा सदस्य ज्ञानेन्द्र शाहीलगायतको उपस्थिति थियो ।

रोजिन शाक्यले सञ्चालन गरेको प्रतियोगिताको कोरियोग्राफर रबिता मगर थिइन् । प्रतियोगिताको इभेन्ट मेनेजर गीता उप्रेती थिइन् ।

## रंगशाला

# एसिया कप खेल्न जाने नेपाली महिला टोलीको बिदाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले एसीसी महिला एसिया कप खेल्न जाने नेपाली टोलीको बिदाइ गरेको छ । एसियाली क्रिकेट काउन्सिल (एसीसी) को आयोजनामा महिला एसिया कप जुलाई १९ देखि २८ सम्म श्रीलंकामा हुँदैछ । सोही प्रतियोगितामा सहभागी जनाउने नेपाली महिला क्रिकेट टोलीलाई बिदाइ गरिएको हो ।

कार्यक्रममा क्यानका सचिव पारस खड्काले महिला क्रिकेट टिमको प्रदर्शनलाई लिएर सबैमा चासो रहेको भन्दै महिला टिमले विगतदेखि नै राम्रो गर्दै आएको बताए । महिला क्रिकेट टिम पहिल्यैदेखि प्राथमिकतामा पर्नुपर्ने भएपनि प्राथमिकतामा राख्न सबै चुकको उनको भनाई थियो ।

अब महिला क्रिकेट खेलाडीलाई पनि राम्रो भन्दा राम्रो अवसर दिन आवश्यक रहेको उनले बताए । उनले अबका खेलमा टिमप्रति विश्वास राखेर उच्च आत्मबल राखेर खेल्न आग्रह गरे । उनले महिला क्रिकेटलाई धेरै दबाब नरहेको भएपनि अवसरका रूपमा लिएर उत्कृष्ट नतिजा निकाल्न आग्रह गरे ।

कार्यक्रममा महिला क्रिकेट टिमकी कप्तान इन्दु बर्माले अभ्यास राम्रो गरेको भन्दै नतिजा पनि राम्रो दिने प्रतिबद्धता जनाइन् । उनले टिम राम्रो रहेको र उच्च मनोबल रहेकाले राम्रो नतिजा पस्कने जिकिर गरिन् ।

कार्यक्रममा बोल्दै भारत र पाकिस्तानसँग खेल्दा राम्रो अनुभव पाएको र त्यसले नै टी २० विश्वकपमा राम्रो नतिजा पस्किएको उनको भनाई थियो । उनले विश्वकपमा जाँदा सुपर ८ मा पुग्ने आत्मविश्वास लिएर गए पनि सम्भव नभएको बताए । कार्यक्रममा बोल्दै क्रिकेटर सन्दीप लामिछानेले खेलाडीहरूले कुनै पनि आफ्नो सपना पूरा गर्ने माध्यम खेललाई बनाउनुपर्ने बताए । यस्ता खेलले आत्मविश्वास बढाउने र अनुभव बटुल्ने अवसर हुने बताए । उनले कुनै पनि सपना पूरा गर्नुपूर्व त्यसको लागि अभ्यास जारी राख्नु नै ठूलो कुरा भएको बताए । उनले आफूभित्र भएको क्षमतालाई बाहिर ल्याउने गरी खेल्न सुझाव दिए ।

कार्यक्रममा बोल्दै राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले अहिलेको अवसरलाई उचित सदुपयोग गर्नुपर्ने बताए । उनले निकै राम्रो खेल्दाखेल्दै पनि कतिपय खेलहरूमा पराजित भएको भन्दै आगामी दिनमा त्यसलाई सुधार गरी अघि बढ्न सुझाव दिए ।

प्रतियोगिताको समूह 'ए' मा नेपाल, भारत, पाकिस्तान र युएई छन् । यस्तै समूह 'बी' मा आयोजक श्रीलंका, बंगलादेश, मलेसिया र थाइल्याण्ड छन् । नेपालले जुलाई १९ मा युएईसँगको खेलमार्फत प्रतियोगिताको सुरुवात गर्नेछ । त्यसपछि नेपालले पाकिस्तानविरुद्ध जुलाई २१ तथा भारतविरुद्ध जुलाई २३ मा प्रतिस्पर्धा गर्नेछ ।

### पारा तथा विशेष खेलकुद

# संस्कार र इनुशालाई स्वर्ण

■ प्रभाव संवाददाता




**काठमाडौं–** संस्कार श्रेष्ठ र इनुशा आचार्यले पारा तथा विशेष खेलकुदअन्तर्गत राष्ट्रिय बहिरा तथा दृष्टिविहीन पारा जुडोमा शनिबार स्वर्ण जितेका छन् । बहिरातर्फ २०-२५ केजी तौल समूहको पुरुषमा संस्कार र महिलामा इनुशाले स्वर्ण जितेका हुन् ।

बहिरातर्फ नै महिला ३०-३५ केजीमा अञ्जली तामाङ, ३५-४० केजीमा निताकुमारी यादव, ४०-४५ केजीमा आरती शाह, ४५-५० केजीमा विपना पुन, ५०-५५ केजीमा सुष्मा थापा र ५५ केजीमाथि प्रेरणा विकले स्वर्ण जिते । पुरुष ५० केजीमा क्षितिज ठगुन्ना र ५५ केजीमा ऋषिमणि शर्मा पहिलो स्थान हात पारे ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको प्रतियोगिताको दृष्टिविहीनतर्फ पुरुष १९-२५ केजीमा सार्थक तामाङ, २६-३२ केजीमा जीवन जैशी, ४०-४५ केजीमा अभिकराज वज्राचार्य र ६०-६५ केजीमा गिल्याक ग्याल्सनले पहिलो स्थान हात पारे ।

विजेतालाई राखेपकी सदस्य अञ्जना श्रेष्ठ, नेपाल बहिरा तथा दृष्टिविहीन पारा जुडो संघका अध्यक्ष रमेश महर्जन, वरिष्ठ उपाध्यक्ष धर्मकुमार श्रेष्ठलगायतले एक कार्यक्रमबिच पुरस्कृत गरे । सो अवसरमा पेरिस ओलम्पिक-२०२४ को जुडोमा नेपालको प्रतिनिधित्व गर्ने खेलाडी मनिता श्रेष्ठ प्रधानलाई सम्मान गरिएको थियो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजना तथा नेपाल बहिरा तथा दृष्टिविहीन पारा जुडो संघको व्यवस्थापनमा भएको प्रतियोगिताको बहिरातर्फ ३४ खेलाडीले १० स्वर्ण तथा दृष्टिविहीनतर्फ १८ खेलाडीले ५ स्वर्णका लागि प्रतिस्पर्धा गरेका थिए ।

# लोकराज र सागर पहिलो



**काठमाडौं (प्रस)–** लोकराज शाही र सागर ढकालले पारा तथा विशेष खेलकुदअन्तर्गत पारा साइक्लिङ प्रतियोगितामा शनिबार स्वर्ण जितेका छन् । एम्पुटीमा लोकराज तथा होचा/पुड्कामा सागर पहिलो भएका हुन् ।

बूढानीलकण्ठमा भएको प्रतियोगिताको एम्पुटीमा गोपाल मोक्तानले रजत तथा वीरेन्द्र मुसरले कांस्य जिते । होचा/पुड्कामा श्यामकुमार पण्डित क्षेत्रीले रजत तथा लालबहादुर खत्रीले कांस्य हात पारे । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजना तथा नेपाल पारा साइक्लिङ संघको व्यवस्थापनमा भएको प्रतियोगितामा २ स्पर्धामा ३१ खेलाडी सहभागी थिए । पुरुष/महिला सम्मिलित दुवै स्पर्धामा खेलाडीले ३.५ किलोमिटर दूरीमा प्रतिस्पर्धा गरेका थिए ।

विजेतालाई राखेपकी सदस्य एवं प्रतियोगिता संयोजक पेमा डोल्मा लामा, आयोजक संघका अध्यक्ष प्रकाश चिलुवाललगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

# जिम्बाबेसँग भारत पराजित

**काठमाडौं (प्रस)–** जिम्बाबेले भारतविरुद्धको टी-२० सिरिजमा विजयी शुरुवात गरेको छ । शनिबार सम्पन्न टी- २० सिरिजको पहिलो खेलमा जिम्बाबेले भारतलाई १३ रनले पराजित गर्दै सिरिजमा विजयी शुरुवात गरेको हो ।

जिम्बाबेले दिएको ११६ रनको मध्यम लक्ष्य पछ्याएको भारतले १९.५ ओभरमा अल आउट हुदै १०२ रन मात्र बनाएको थियो ।

भारतका लागि कप्तान शुभमन गिलले सर्बाधिक ३१ र वाशिंगटन सुन्दरले २७ रन बनाएका थिए । त्यस्तै आभेश खानले १६ रन बनाए भने अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । त्यस्तै भारतीय ब्याटिंग लाइन ध्वस्त गर्ने क्रममा जिम्बाबेका बलर सिकन्दर राजा र टेन्डाई चतराले ३-३ विकेट लिएका थिए । यस अघि टस हारेर पहिला ब्याटिंग गरेको जिम्बाबेले २० ओभरमा ९ विकेट गुमाउदै ११५ रन बनाएको थियो । जिम्बाबेका लागि क्लिभ मडान्डेले सर्बाधिक २९ रन बनाए भने डिओन मेयर्सले २३, ब्रायन बेन्नेटले २२ र वेसली मढेभेरेले २१ रन बनाएका थिए ।



मध्य गाजा पट्टीको नुसेरात शरणार्थी शिविरमा इजरायली हमलामा क्षतिग्रस्त भवनको झ्यालबाट बाहिर हेर्दै एक प्यालेस्टाइनी बालिका । *तस्विर: एएफपी*

# इरानी राष्ट्रपतिमा सुधारवादी पेजेस्कियन विजयी



**तेहरान (इरान)–** इरानका सुधारवादी उम्मेदवार मसूद पेजेस्कियनले शनिबार अल्ट्रा कन्जरभेटिभ सईद जलिलीको विरूद्ध दोस्रो चरणको राष्ट्रपतीय चुनावमा जित हासिल गरेको आन्तरिक मन्त्रालयले जनाएको छ ।

पेजेस्कियनले एक करोड ६० लाखभन्दा बढी र जलिलीले एक करोड तीन लाखभन्दा बढी मत प्राप्त गरेको निर्वाचन अधिकारीका प्रवक्ता मोहसेन एस्लामीले बताए । उनका अनुसार निर्वाचनमा ४९.८ प्रतिशत मतदान भएको थियो भने रद्द भएको मतपत्रको संख्या छ लाखभन्दा बढी रहेको थियो ।

जितपछि विजयी पेजेस्कियनले आफ्ना समर्थक तथा मतदातालाई धन्यवाद दिँदै सबैलाई मित्रताको हात दिने र सबै यस देशका जनता भएकाले देशको प्रगतिका लागि प्रयोग गर्नुपर्ने सरकारी टेलिभिजनमार्फत उल्लेख गरे । हेलिकप्टर दुर्घटनामा राष्ट्रपति इब्राहिम रायसीको मृत्युपछि गरिएको चुनावको पहिलो चरणमा कसैको बहुमत नआएपछि शीर्ष दुई उम्मेदवारबीच दोस्रो चरणको निर्वाचन गरिएको थियो । सर्वोच्च नेता आयातोल्लाह अली खामेनेइले चुनावको महत्त्वलाई जोड दिँदै दोस्रो चरणको मतदान आह्वान गरेका थिए ।

गत हप्ताको पहिलो चरणमा, पेजेस्कियन, अनुमति दिइएको एकमात्र सुधारवादीले सबैभन्दा धेरै (४२ प्रतिशत) मत प्राप्त गरी विजय प्राप्त गरे भने जलिली लगभग ३९ प्रतिशतको साथ दोस्रो स्थानमा आएको इरानको चुनाव प्राधिकरणको तथ्यांकले देखाएको छ । इरानको छ करोड १० लाख योग्य मतदातामध्ये ४० प्रतिशतले मात्र पहिलो चरणमा भाग लिएका थिए । सन् १९७९ को इस्लामिक क्रान्तिपछि भएको कुनै पनि राष्ट्रपतीय निर्वाचनमा सबैभन्दा कम मतदान हो ।

हालसम्म अज्ञात रहेका सापेक्ष पेजेस्कियनको उम्मेदवारले रूढीवादी र अति रूढीवादी शिविरको वर्षौंको प्रभुत्वपछि इरानका सुधारवादीको आशा बढाएको छ । इरानको मुख्य सुधारवादी गठबन्धनले पेजेस्कियनलाई समर्थन गरेको थियो भने पूर्वराष्ट्रपति मोहम्मद खातमी र हसन रुहानीले समर्थन गरेका थिए ।

मुटुका शल्यचिकित्सक पेजेस्कियनले 'इरानलाई अलगावबाट बाहिर निकाल्न' आणविक सम्झौतालाई पुनःजीवित गर्न पश्चिमी देशहरूसँग रचनात्मक सम्बन्ध'का लागि आह्वान गरेका छन् । जलिली इरानका पूर्वआणविक वार्ताकार भएकाले उनको असम्बद्ध पश्चिमविरोधी दृष्टिकोणका लागि व्यापकरूपमा चिनिन्छ । शुक्रबारको रनअफ अघि पेजेस्कियन, जलिलीले दुई टेलिभिजन बहसमा भाग लिँदा कम मतदान, साथै इरानको आर्थिक समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध र इन्टरनेट प्रतिबन्धबारे छलफल गरेका थिए ।

पेजेस्कियनले इन्टरनेट प्रतिबन्ध कम गर्ने र महिलाका लागि अनिवार्य हेडस्कार्फ लागू गर्ने प्रहरी गस्तीलाई 'पूर्ण रूपमा' विरोध गर्ने वाचा गरेका छन् । सन् २०२२ मा प्रहरी हिरासतमा महसा अमिनीको मृत्यु भएपछि 'हाइप्रोफाइल' मुद्दा बनेको थियो ।

इरानी कुर्दलाई 'ड्रेस कोड' उल्लंघनको आरोपमा हिरासतमा लिइएको थियो भने उनको मृत्युले महिनौंको देशव्यापी अशान्ति निम्त्याएको थियो । *रासस/एएफपी*

# पाकिस्तानमा बजेटपछि मूल्यवृद्धि उच्च



**इस्लामाबाद (पाकिस्तान)–** आर्थिक वर्ष २०२४-२५ को बजेट पेस भएपछि पाकिस्तानको मुद्रास्फीति (मूल्यवृद्धि)मा उल्लेखनीय वृद्धि भएको छ । पछिल्लो साप्ताहिक मुद्रास्फीति दर १.२८ प्रतिशतले बढेको एआरवाई न्युजले रिपोर्ट गरेको छ ।

यसैगरी पाकिस्तान ब्युरो अफ स्टाटिस्टिक्स (पिबिएस)को पछिल्लो साप्ताहिक रिपोर्टअनुसार वार्षिक मुद्रास्फीति दर बढेर २३.५९ प्रतिशत पुगेको छ । प्रतिवेदनले गत हप्तामा २९ वटा आवश्यक वस्तुको मूल्यमा भएको वृद्धिलाई प्रकाश पार्दै पाँचवटा वस्तुले स्थिर मूल्य कायम राखेको र १७ वटा वस्तुको मूल्यमा कमी आएको जनाएको छ ।

टमाटरको मूल्य ७०.७७ प्रतिशतले बढेर २०० पाकिस्तानी रूपयाँ प्रतिकिलोग्रामभन्दा बढी पुगेको छ । पिबिएसका अनुसार पिठोको मूल्य १०.५७ प्रतिशतले, पाउडर दूध ८.९० प्रतिशतले, डिजेल ३.५८ प्रतिशतले, पेट्रोल २.८८ प्रतिशतले र एलपिजीको मूल्य १.६३ प्रतिशतले बढेको छ ।

यस अवधिमा कुखुरा, दाल र लसुनको मूल्य पनि बढेको छ भने प्याजको मूल्य ९.०५ प्रतिशत र आलुको मूल्य १.०४ प्रतिशतले घटेको छ । जुलाई-१ को अघिल्लो रिपोर्टले उपभोक्ता मूल्य सूचकांक (सिपिआई) मुद्रास्फीति २०२४ मा १२.६ प्रतिशत पुगेको छ । जुन अघिल्लो वर्षको जुनमा २९.४ प्रतिशत थियो । मासिक आधारमा, सिपिआई मुद्रास्फीति २०२४ मा ०.५ प्रतिशतले बढेको छ, जुन अघिल्लो महिनाको ३.२ प्रतिशत र २०२३ मा ०.३ प्रतिशतले घटेको थियो ।

पाकिस्तानी सरकारले जुन-२९ मा अन्तर्राष्ट्रिय मुद्रा कोषको मापदण्ड पूरा गर्न आगामी आर्थिक वर्षमा थप राजस्व उत्पन्न गर्न धेरै क्षेत्रमा नयाँ कर उपाय घोषणा गर्दै विशिष्ट क्षेत्रमा छुट विस्तार गरेको थियो । पाकिस्तानका अर्थमन्त्रीले राष्ट्रिय सभामा नयाँ उपायको घोषणासमेत गरेका थिए । यसमा इस्लामाबादमा सम्पत्तिमा पुँजी कर लागू गर्नु, निर्माणकर्ता र विकासकर्तामा नयाँ कर उपाय समावेश भएको पाकिस्तानको स्थानीय दैनिकले रिपोर्ट गरेको छ ।

जुन-१२ मा राष्ट्रिय सभामा पेस गरिएको वित्त विधेयक २०२४ मा गरिएको संशोधनमा सरकारले डिजेल र पेट्रोलमा पेट्रोलियम विकास लेबी (पिडिएल)लाई पाकिस्तानी रूपैयाँ (पिकेआर) ८० बाट ७० पिकेआर प्रतिलिटरमा झारेकोमा हालको पिकेआर ६० बाट बढाएको छ ।

विरोधका बावजुद, निर्यातकर्ताले २९ प्रतिशतको मानक कर्पोरेट कर दर र लागू भएमा सुपर कर तिर्ने छन् । पाकिस्तानी पत्रिका डनको रिपोर्टअनुसार निर्यात कारोबारमा अघिल्लो एक प्रतिशत करको तुलनामा यो महत्त्वपूर्ण परिवर्तन हो । व्यक्ति र गैरव्यक्ति प्रतिवर्ष एक करोड पिकेआरभन्दा बढी कमाउने व्यक्तिको संघको आयकरमा १० प्रतिशत भारको अधीनमा हुने छन् । गहिरो आर्थिक संकटमा, पाकिस्तानी संसद्ले भर्खरै नयाँ अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) बेलआउटबीच आगामी आर्थिक वर्षका लागि कर-भारी वित्त विधेयक पारित गरेको छ । *रासस/एएनआई*

# लेबनान-इजरायल सीमा तनाव बढ्ने चेतावनी

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघले शुक्रबार ब्लु लाइन भनेर चिनिने लेबनान-इजरायल सीमामा बढ्दो झडपबारे गम्भीर चिन्ता व्यक्त गरेको छ । लेबनानी र इजरायली सेनाबीच गोलीबारीको आदानप्रदान बढेपछि बढ्दो तनावलाई विश्व निकायले प्रकाश पारेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिवका प्रवक्ताको कार्यालयको टिप्पणीअनुसार बिहीबारको शत्रुताले पूर्णस्तरको युद्धको जोखिम बढाउँछ । नोटले स्वयंको आवश्यकतालाई जोड दिँदै युद्ध बढ्नसक्ने र यसलाई बेवास्ता गर्नुपर्ने जनाएको छ ।

द्वन्द्वको खतरा दोहोर्‍याउँदै गलत गणनाको खतराले अचानक र व्यापक द्वन्द्व निम्त्याउने र राजनीतिक तथा कूटनीतिक समाधान नै अगाडि बढ्ने एकमात्र व्यावहारिक मार्ग हो भन्ने कुरामा जोड दिइएको छ । सोही दिन लेबनानका लागि संयुक्त राष्ट्रसंघीय विशेष संयोजक जेनिन हेनिस-प्लास्चर्टले संसद्का अध्यक्ष नबीह बेरी र प्रधानमन्त्री नजिब मिकातीलगायत प्रमुख लेबनानी अधिकारीसँग ब्लु लाइनमा डि-एस्केलेसनको आवश्यकताबारे छलफल गर्न संलग्न भए ।

संयुक्त राष्ट्रसंघको नोटले लेबनानमा राष्ट्रसंघको अन्तरिम बलबाट शत्रुताको तत्काल अन्त्यका लागि आह्वान र सुरक्षा परिषद्को प्रस्ताव-१७०१ का लागि प्रतिबद्धता नवीकरण गरेको पनि दोहोर्‍याएको छ । जुन इजरायल र हजबुल्लाहबीचको एक महिनाको घातक युद्धको केही समयपछि शत्रुतापूर्ण अन्त्यका लागि अगस्ट २००६ मा स्वीकृत गरिएको थियो । *रासस/सिन्ह्वा*

# गाजाबाट दुई लाख ५० हजार मानिस भागेको अनुमान

**संयुक्त राष्ट्रसंघ–** इजरायली निकासी आदेशअन्तर्गत दक्षिणी गाजाको पूर्वीखान युनुस र रफाहका केही भागमा अनुमानित दुई लाख ५० हजार मानिस बसाइँ सरिरहेको संयुक्त राष्ट्रसंघका मानवतावादीले बताएका छन् ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (ओसिएचए)ले गाजा एक तिहाइबाट एक चौथाइ तथा ११७ देखि ८५ वर्ग किलोमिटरमा प्रभावित जनसंख्या क्षेत्रको अनुमानलाई संशोधन गरेको छ । विस्थापित पश्चिमी खान युनुस र देइर अल बलाहतर्फ लागे, ती क्षेत्र पहिले नै भीडभाड भएका थिए भने त्यहाँ आवश्यक सेवा, महत्त्वपूर्ण पूर्वाधार, आश्रय सामग्री र पर्याप्त ठाउँको अभाव थियो ।

ओसिएचएले बिहीबार गरेको मूल्यांकनले खान युनुसको एक साइटमा नौ हजारभन्दा बढी विस्थापित परिवार र देइर अल बलाहको साइटमा करिब उक हजारभन्दा बढी घरपरिवार बसिरहेको देखाएको छ । यी सबै परिवारलाई सुरक्षित पिउने पानीको आवश्यकता रहेको, मानिस-हरेक दिन पानी संकलन गर्न लामो समयसम्म लाइन बस्न बाध्य रहेको मानवतावादीले जनाएका छन् ।

बालबालिका महिनौंदेखि विद्यालयबाहिर छन्, स्थान र सामग्रीको अभावले मानवीय साझेदारलाई शिक्षा सेवा प्रदान गर्नबाट रोकेको कार्यालयले जनाएको छ । एउटा विस्थापनस्थलमा, बालबालिकाले आफ्नो अधिकांश समय अनौपचारिक डम्पिङ क्षेत्र नजिकै बाहिर बिताउँछन् भने आमाबाबुले पानीजन्य र छालाका रोगमा वृद्धि भएको रिपोर्ट गर्छन् । कुनै पनि साइटमा स्वास्थ्य केन्द्र उपलब्ध छैनन् सबैभन्दा नजिकका चिकित्सा सेवा कम्तीमा तीन किलोमिटर टाढा छन् ।

## इजरायली निकासी आदेश

ओसिएचएले खान युनुसको युरोपेली गाजा अस्पताल अहिले खाली रहेको बताएको छ । कुनै उपकरण बाँकी छैन र यो कार्यात्मक छैन । सबै बिरामीलाई बाहिर निकालिएको थियो । दक्षिणी गाजामा, केरेम शालोम क्रसिङमा आवागमनमा सुरक्षा जोखिमले बाधा पुर्‍याएकाले हालसालै पूर्वी खान युनुसका क्षेत्रमा लागि सोमबारको निकासी आदेशपछि सालाह एड-दिन रोडका केही भाग समेटेको छ । जुन मानवीय सामान र कर्मचारीका लागि महत्त्वपूर्ण मार्ग हो । उत्तरी



गाजामा, मानवीय कार्यालय जुन-२७ को निकासी आदेशपछि एश सुजैयाह र पूर्वीगाजा सहरका अन्य भागबाट विस्थापित ८० हजार मानिसको अवस्थाबारे चिन्तित छ ।

अन्य मानवीय साझेदारसँगै, ओसिएचएले विस्थापितलाई आश्रय दिने केही साइटको मूल्यांकन गरेको, हतारमा भाग्नुपरेको, गोलाबारी र उनीहरूको कुनै पनि सामानविना फेला पारेको जनाएको छ । विस्थापनस्थलमा आश्रय र सरसफाइको अवस्था खराब छ भने मानिस पर्याप्त कपडाको अभावमा ठोस फोहोर र भग्नावशेषबीचमा सुत्नुपरेको कार्यालय जनाएको छ । आंशिकरूपमा नष्ट भएका संयुक्त राष्ट्रसंघका सुविधामा आश्रय पाएका छन् तर विस्थापितमध्ये केही परिवारका सदस्यबाट अलग भएको रिपोर्ट गरेका छन् ।

ओसिएचएले शत्रुता र पहुँच अवरोधले गाजाभरि सयौं हजार मानिसलाई जीवन बचाउने सहायताको वितरणमा गम्भीररूपमा बाधा पुर्‍याउने बताएका छन् । निकासी आदेश सोमबार र बिहीबारको बीचमा, उत्तरी गाजामा १३ वटा योजनाबद्ध मानवीय सहायता मिसनमध्ये केवल एकलाई इजरायली अधिकारीहरूले सुविधा दिएका थिए-बाँकीलाई अस्वीकार, वा रद्द गरियो । गाजामा इन्धनको अभावले स्वास्थ्य सेवाको प्रावधानमा बाधा पुर्‍याइरहेको मानवीय साझेदारले रिपोर्ट गरेको कार्यालयले जनाएको छ । विश्व स्वास्थ्य संगठनका महानिर्देशक डा. टेड्रोस एड्हानोम गेब्रेयससले इन्धनको गम्भीर अभावका कारण स्वास्थ्य सेवामा थप अवरोध आउने चेतावनी दिएका छन् । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४४४०० | प्रति तोला - १४३७०० | प्रति तोला - १८७० |



**व्यावसायमा असर** | धनगढी उपमहानगरपालिका–१४ फूलबारीस्थित 'सी' गाउँमा स्थानीय कृषक कलावती जोशीले माछापालन व्यवसायका लागि निर्माण गरेका पोखरीमा एक्कासि मरेका विभिन्न प्रकारका माछा । पोखरीमा हालेका झण्डै २०० क्विन्टल माछा मरेपछि ६० लाख रुपैयाँ बराबरको क्षति भएको व्यवसायी जोशीले बताएकी छन् ।

*तस्बिरः तिलकराज ओझा/रासस*

## 'कृषि कर्जाको अनुदान दुरूपयोग भएको छैन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदानको रकम दुरूपयोग नभएको स्पष्ट गरेका छन् ।

राजधानीमा आयोजित साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको २३औं वार्षिकोत्सव कार्यक्रममा गभर्नर अधिकारीले कृषि कर्जाको ब्याजदरमा दिइएको हालसम्मको अनुदान विश्लेषण गर्दा त्यसमा दुरूपयोग नदेखिएको बताए । केही व्यक्तिबाट दुरूपयोग भएको देखिएकामा असुल प्रक्रिया पनि प्रारम्भ भइसकेको उनले बताए ।

'कृषि कर्जाको अनुदान दुरूपयोग भएको भन्ने सतही कुरा हुन् । यो सफल कार्यक्रम देखिएको छ र अनुदानको प्रभावकारिता राम्रो छ', गभर्नर अधिकारीले भने, 'हाम्रो अध्ययनका क्रममा निकै सानो संख्यामा मात्रै यस्तो कर्जा दुरूपयोग भएको देखिएको छ । यसलाई असुल गर्ने प्रक्रिया पनि अघि बढिरहेको छ ।'

सरकारको योजनाअनुसार अर्थ मन्त्रालयले युवाहरूलाई व्यावसायिक कृषि कर्जामा प्रदान गर्ने ब्याज अनुदानसम्बन्धी कार्यविधि तयार पारेर कार्यविधिअनुसार नै अनुदान उपलब्ध गराइएको गभर्नर अधिकारीले दाबी गरे । हालसम्म एक लाख २६ हजार ऋणीले कृषि कर्जामा अनुदान पाएको जनाउँदै त्यस्तो अनुदान पाउने अधिकांश महिला तथा साना किसान रहेका उनले बता ए। यो कार्यक्रम विवादमा परेपछि विसं २०७९ असोजयता अनुदान नदिइएको उनले स्पष्ट पारे ।

उद्यमशीलता विकास एवं रोजगारी



सिर्जना र वित्तीय पहुँच तथा साक्षारता विस्तारका लागि साना किसान विकास लघुवित्त र साना किसान सहकारीले महत्वपूर्ण भूमिका खेलेको पनि गभर्नर अधिकारीले बताए । पछिल्लो समय सहकारी क्षेत्रमा समस्या देखिन थाले पनि साना किसान सहकारी संस्थाहरूमा भने यस्तो समस्या नआएको उनको भनाइ छ । विगतमा कृषि कर्मलाई हेला गर्ने समाजले अहिले सम्मान गर्ने अवस्था आएको पनि गभर्नर अधिकारीले उल्लेख गरे ।

राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले कृषि कर्जामा दिइएको अनुदानको दुरूपयोग भएको धारणा राखेका थिए । नीतिगत स्थायित्वको अभावमा निजी क्षेत्रको मनोबल खस्किँदै गएकाले उनीहरूले लगानी गर्न नचाहेको उनले बताए ।

साना किसान विकास लघुवित्तका प्रमुख कार्यकारी अधिकृत शिवरामप्रसाद कोइरालाले सरल कर्जा प्रवाहमार्फत युवा उद्यमशीलता विकास, समावेशी वित्तीय पहुँच विस्तारमा संस्थाले महत्वपूर्ण भूमिका खेलेको बताए । 'यस लघुवित्तले साना किसान कृषि सहकारीमार्फत कर्जा प्रवाह गर्ने भएकाले उद्यमशीलता विकास र रोजगारी सिर्जना गरी आन्तरिक उत्पादनमा योगदान पुगेको छ', उनले भने ।

साना किसान लघुवित्तबाट कर्जा पाएकामध्ये ७९ प्रतिशतभन्दा बढी महिला रहेको बताउँदै कार्यकारी अधिकृत कोइरालाले देशभरका पाँच सय ५० स्थानीय तहमा साना किसान लघुवित्तको सेवा पुगिसकेको जानकारी दिए । हाल साना किसानले ११ लाखभन्दा बढी परिवारका ४५ लाख जनसंख्यालाई सेवा दिइरहेको उनले बताए ।

कृषि प्रविधि सिक्ने युवालाई इजरायल पठाइएको भन्दै उनीहरू स्वदेश फर्किएर कृषि कर्ममा लागेका लघुवित्तका प्रमुख कार्यकारी अधिकृत कोइरालाले जानकारी दिए । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटी) बाट कृषि तथा भेटनरी पढ्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइएको, किसानलाई भारतसहित विभिन्न देशमा अवलोकन भ्रमणलगायत विविध क्रियाकलापमा सहभागी गराइएको उनको भनाइ छ ।

एसियाली विकास बैंकबाट कर्जा लिएर लघुवित्तले ग्रामीण उद्यम कर्जा (आरईएफ) सञ्चालन गरेको कार्यकारी अधिकृत कोइरालाले जानकारी दिए । साना किसान, विपन्न तथा पछाडि परेका समुदाय, महिला, सीमान्तकृत वर्गका लागि सरल र सहज कर्जा उपलब्ध गराइरहेकाले साना किसान लघुवित्तबाट सञ्चालित कामको नतिजा प्रभावकारी देखिएको उनको दाबी छ ।

## अनुगमन संयन्त्र नहुँदा सहकारी क्षेत्रमा समस्या : *उपप्रधानमन्त्री श्रेष्ठ*

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले सहकारी क्षेत्रमा अनुगमन गर्ने संस्था नहुँदा समस्या भएको बताएका छन् । राष्ट्रिय सहकारी महासङ्घ लिमिटेड नेपालले १०२औं अन्तर्राष्ट्रिय सहकारी दिवसका अवसरमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले सहकारीका समस्या समाधानका लागि संरचना निर्माण गरिनुपर्नेमा जोड दिए । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सहकारी विभाग प्रमुख देवेन्द्रराज कँडेलले सहकारीको बचत अनियमितता गर्ने विरुद्ध उच्च तहबाटै संरक्षण भएको दाबी गरे ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता लीलामणि पोखरेलले १६औं आवधिक योजनामा सहकारीबारेमा १५औं योजनामा भन्दा पश्चगामी व्यवस्था गरिनु उचित नभएको बताए । सहकारी संस्था सञ्चालनको अनुभव नै नभएकालाई सहकारीको नेता बनाउने व्यवस्था नै गलत रहेको उनको भनाइ थियो ।

महासंघका पूर्वअध्यक्ष केशवप्रसाद बडालले हाल ३० हजारको हाराहारीमा सहकारी संस्था भए पनि करिब एक सयमा समस्या देखिएको दाबी गरे ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले सहकारीको शुद्धीकरणमा यस क्षेत्रका सङ्घसंस्था खरो रूपमा उत्रनुपर्नेमा जोड दिए । आगामी आर्थिक वर्षको बजेटमा सहकारी क्षेत्र प्राथमिकतामा परेको उल्लेख गर्दै उनले एकतिहाइ जनता आबद्ध अभियानलाई सही रूपमा अघि बढाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा महासङ्घका पूर्वअध्यक्ष बडालसहित सहकारी क्षेत्रमा उत्कृष्ट काम गर्नेलाई सम्मान गरिएको थियो । कार्यक्रममा गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारी, महासङ्घका अध्यक्ष ओमदेवी मल्ललगायतले सहकारी क्षेत्रमा देखापरेका समस्या समाधानका लागि सहकारी कानुन संशोधन गरिनुपर्नेमा जोड दिएका थिए ।

## बाढीले जलविद्युत् आयोजनामा क्षति

■ प्रभाव संवाददाता

**वालिङ (स्याङ्जा)–** अविरल वर्षासँगै आँधीखोलामा आएको बाढीका कारण आँधीखोला जलविद्युत् आयोजनामा क्षति हुँदा ४० हजार घरमा विद्युत् सेवा अवरुद्ध भएको छ । जिल्लाको गल्याङस्थित बुटवल पावर कम्पनी (बिपिसी) को आँधीखोला जलविद्युत आयोजनाको बाँधस्थलमा बाढीले क्षति पुऱ्याएपछि शनिबारदेखि विद्युत् सेवा अवरुद्ध भएको हो ।

आँधीखोलाको माथिल्लो भेगमा भारी वर्षा भएसँगै आँधीखोलामा पानीको सतह बढ्न गई पानी सङ्कलन पोखरीमा ढुङ्गा, गिटी, बालुवा भरिएको बिपिसीका प्रमुख डोल खरेलले बताए । 'खोलामा जल सतह बढिरहेकाले अहिले पानी सङ्कलन गरिएको पोखरी सफा गर्न सक्ने अवस्था छैन', उनले भने, 'खोलामा पानीको सतह घटेपछि पोखरी सफा गरेर मात्रै टनेलमा पानी पठाउँछौं र विद्युत् सेवा सञ्चालन हुनेछ ।'

गल्याङस्थित आँधीखोलाबाट उत्पादन भएको ९.४ मेगावाट विद्युत् स्याङ्जाको दक्षिणी भेग, पाल्पाको पूर्वी भेगका रामपुर नगरपालिका, रम्भा गाउँपालिका, गुल्मीको केही भेग र पर्वतको केही भेग गरी करिब ४० हजार घरमा विद्युत् सेवा अवरुद्ध भएको प्रमुख खरेलले जानकारी दिए । वालिङ-६ स्थित मिर्दी खोलामा आएको बाढीले मिर्दी बजार नजिकै रहेको वितरण लाइनको पोल बगाएको छ । खोला बढेकाले उपकरणसहित मर्मत गर्न जानसक्ने अवस्था नरहेको उनले बताए ।

'बाढी र पहिराका कारण कहाँ के कति क्षति भएको छ भनी खोजी गरिरहेका छौँ', खरेलले भने, 'कार्यालयलाई जानकारी आएका र थाहा पाइएका केही ठाउँमा मर्मत भइसकेका छन् भने केही मर्मत भइरहेका छन् । कतिपय ठाउँमा जलसतह बढी भएकाले मर्मतमा समस्या भइरहेको छ ।' मर्मतका लागि प्राविधिक र उपकरण तयारी अवस्थामा भएपनि ठाउँठाउँमा सडक अवरुद्ध भएकाले कठिनाइ भइरहेको बिपिसीका प्रमुख खरेलले जानकारी दिए । विद्युत् सेवा अवरुद्ध हुँदा दैनिक काममा समस्या भइरहेको स्थानीय बताउँछन् ।

त्यसका साथै अविरल वर्षाका कारण देशभरका विद्युत् उत्पादनगृहहरू प्रभावित भएका छन् । कतिपय स्थानमा विद्युत् आपूर्तिमा अवरोध भएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार शुक्रबार साँझदेखिको वर्षाका कारण झण्डै पाँच सय ३० मेगावाट बिजुली उत्पादन गर्ने विद्युत्गृह बन्द भएका छन् । निजी क्षेत्रका आयोजनासमेत जोड्दा झण्डै छ सय ४० मेगावाट बिजुली उत्पादन गर्ने विद्युत्गृह बन्द भएका छन् ।

प्राधिकरणको सहायक कम्पनी अप्पर तामाकोशी हाइड्रोपावर लिमिटेडले सञ्चालन गर्ने चार सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी बाढीका कारण शुक्रबारदेखि बन्द छ । यस्तै, ६० मेगावाट क्षमताको माथिल्लो त्रिशूली 'ए' १० मेगावाट क्षमताको सुनकोशी जलविद्युत् आयोजनासमेत बन्द भएको छ । प्राधिकरण र यसका सहायक कम्पनीले सञ्चालन गर्ने आयोजना बन्द भएका हुन् ।

प्राधिकरणको भार प्रेषण केन्द्रले उपलब्ध गराएको विवरणअनुसार ३६ मेगावाट क्षमताको बलेफी, २० मेगावाट क्षमताको तल्लो मोदी, १८ मेगावाट क्षमताको मध्यमोदी, ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया पनि बाढीका कारण बन्द भएको छ ।

## चार दिनदेखि हवाईसेवा अवरुद्ध

**मुगु (प्रस)–** हिमाली जिल्ला मुगु, जुम्ला र हुम्लामा वर्षाका कारण चार दिनदेखि हवाईसेवा अवरुद्ध हुँदा यात्रु मर्कामा परेका छन् । निरन्तर वर्षा हुँदा मुगु, जुम्ला र हुम्लामा उडान ठप्प छ । विभिन्न ठाउँमा जाने यात्रु गन्तव्यमा पुग्न नपाउँदा मर्कामा परेका छन् । तीन दिनदेखि जहाजको प्रतीक्षामा रहेका हरिकृष्ण ऐडीले शुक्रबार बसमा काठमाडौं जानुपरेको बताए । 'मौसममा सुधार आउने अवस्था नदेखेपछि बसको टिकट काट्न बाध्य भए', उनले भने ।

निरन्तरको वर्षाले चार दिनदेखि नेपालगञ्जबाट हवाई उडान नभएको रारा नागरिक उड्डयन कार्यालयका प्रमुख श्रीकृष्ण रिजालले बताए । उनका अनुसार उडान बन्द भएपछि मुगुदेखि नेपालगञ्ज, सुर्खेत, काठमाडौंतर्फ जाने यात्रु र नेपालगञ्ज सुर्खेतबाट मुगुतिर आउने यात्रु विमानस्थलमै रोकिएका छन् । हवाईसेवा अवरुद्ध भएपछि यात्रु जोखिम मोलेर कर्णाली राजमार्गबाट आउजाउ गर्न बाध्य भएका छन् । हुम्लामा पनि वर्षाले तीन दिनदेखि हवाई सेवा अवरुद्ध छ ।

सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ